जनहितमा जारी

आफ्नो घर वरपर तथा सडकमा सफाइ मापदण्डको पालना गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

prateekdaily.com

कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ पुस १५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 December 30 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२४

# संसद् विघटनको विरोधमा नेकपाको प्रदर्शन

## प्रधान न्यायाधीशले हात कमाए जनकठघरामा खडा गर्ने चेतावनी










विरोधसभामा मन्तव्य व्यक्त गर्दै नेकपाका केन्द्रीय सदस्य उर्मिला अर्याल, नागेन्द्र चौधरी । तस्वीरः प्रतीक

प्रस, वीरगंज, १४ पुस/

नेकपा (प्रचण्ड–नेपाल) समूहले संसद् विघटनको विरोधमा मङ्गलवार ७७ जिल्लामा प्रदर्शन घोषणा गरेअनुरूप वीरगंजको घण्टाघरमा सो समूहले प्रदर्शन तथा कोणसभा गरेको छ ।

पार्टी कार्यालय मनमोहननगरबाट निस्किएको विरोध र्‍याली नगरपरिक्रमापछि घण्टाघरमा कोणसभा गरेको थियो । कोणसभामा नेकपाका केन्द्रीय सदस्य नेत्री उर्मिला अर्यालले संसद् विघटन गरेर प्रधानमन्त्री केपीशर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीले अलोकतान्त्रिक चरित्रलाई उदाङ्गो पारेको बताइन् । उनले आफ्नै पार्टीका अध्यक्ष रहेका प्रधानमन्त्री र राष्ट्रपतिको आलोचना गर्नुपर्ने अवस्था सृजना भएको बताउँदै लोकतन्त्र रक्षाको लागि सबैसँग सहकार्य गर्न तयार रहेको बताइन् ।

अहिलेको परिस्थितिमा पार्टी विभाजनभन्दा लोकतन्त्रको रक्षा गर्नु जरुरी भएकोले काङ्ग्रेस, मधेसवादी दल, सबैसँग सहकार्य गर्न सकिने बताइन् । उनले प्रधानमन्त्रीले चालेको कदमलाई राष्ट्रपतिले सघाएर संविधानविपरीत काम गरेको आरोप लगाइन् । प्रधानमन्त्रीले गरेको सिफारिश सम्बन्धमा रत्तीभर सरसल्लाह नगरेर राष्ट्रपतिले अनुमोदन गर्नुले दुईजनाको साँठगाँठमा प्रजातन्त्र मास्ने कार्यको बीजारोपण भएको उनले आरोप लगाइन् । नेत्री अर्यालले असंवैधानिक तरीकाबाट भएको संसद् विघटनको सवालमा प्रधानन्यायाधीश चुकेको खण्डमा उनले पनि जनाक्रोशको सामना गर्नुपर्ने चेतावनी दिइन् । संसद् पुनर्स्थापना गर्ने सवालमा प्रधानन्यायाधीशले हात कमाएको खण्डमा उनलाई पनि जनकठघरामा खडा गरिने नेत्री अर्यालले बताइन् ।

अर्का केन्द्रीय सदस्य नागेन्द्र चौधरीले संसद् विघटन गरेर प्रधानमन्त्री र राष्ट्रपतिले संविधानको अपहेलना गरेको आरोप लगाए । देशको कानूनले बलात्कारी र हत्यारालाई जुन प्रकारको सजाय दिन्छ, त्यो सजायको भागीदार प्रधानमन्त्री र राष्ट्रपति हुनुपर्ने उनले माग गरे । नेता चौधरीले संविधान पुनर्स्थापना नहुन्जेल नेकपाका कार्यकर्ताहरूलाई टोल, वडाबाट समेत विरोध गर्न आग्रह गरे ।

यसैगरी, केन्द्रीय सदस्य रामचन्द्र साहले पुस २५ गतेसम्म नेकपाको आन्दोलनलाई जारी राख्दै संसद् पुनर्स्थापनाको पक्षमा प्रदर्शन गर्न कार्यकर्ताहरूलाई आग्रह गरे । संसद् पुनर्स्थापना नहुन्जेल आन्दोलन जारी रहने उनले बताए ।

विरोधसभाअघि निकालिएको जुलुसमा ओलीको पाराले दुःख पायो साराले, विद्याको पाराले दुःख पायो साराले, प्रधानमन्त्री–राष्ट्रपति मुर्दाबाद, नेकपा जिन्दाबाद जस्ता नाराहरू लगाइएको थियो ।

### संसद स्थापित नभएसम्म आन्दोलन

प्रस, रौतहट/

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य मातृका यादवले प्रधानमन्त्री केपीशर्मा ओलीले असंवैधानिकरूपमा गरेको संसद् विघटनलाई सडकबाट स्थापित नगरेसम्म आन्दोलन जारी रहने बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) रौतहटद्वारा आयोजित विरोध जुलुस प्रदर्शनपश्चात् विपी चोकमा कोणसभामा नेता यादवले काङ्ग्रेस र नेकपाका केही नेताको बलमा प्रम ओलीले प्रतिगामी कदम चालेको जिकिर गरे ।

नेता यादवले प्रतिगामी कदम चाल्ने प्रम ओली र सहयोग गर्ने नेतालाई जनताले मूल्याङ्कन गर्ने बताए । कुनै हालतमा पनि प्रतिगामी तत्त्वलाई विजय हासिल गर्न नदिने नेता यादवले प्रतिबद्धता व्यक्त गरे ।

नेकपाका जिल्ला अध्यक्ष कमल यादवको अध्यक्षतामा कोणसभा भएको थियो । सदरमुकाम गौरको राइस मिलको प्राङ्गणमा विभिन्न क्षेत्रबाट आएका विरोध जुलुस एकत्रित भई गौर नगरपरिक्रमा गर्ने क्रममा प्रधानमन्त्री ओलीविरुद्ध चर्को नारा लगाइएको थियो ।

दुर्गाभगवती गाउँपालिकाका विभिन्न वडाबाट शम्भु सिंहको नेतृत्वमा, चन्द्रपुरबाट सांसद रामकुमार भट्टराई र ओहिद अन्सारीको नेतृत्वमा, मौलापुरबाट भोला पाण्डेको नेतृत्वमा, यमुनामाईबाट नगरप्रमुख चन्द्रिकाप्रसाद मुखियाको नेतृत्वमा, राजदेवी नगरपालिकाबाट भिखारी यादवको नेतृत्वमा विरोध जुलुस निस्केर गौरस्थित राइस मिलको प्राङ्गणमा जम्मा भएको थियो ।




तस्वीरः प्रतीक

# संसद् विघटन बाध्यात्मक –नेता मण्डल




तस्वीरः प्रतीक

प्रस, वीरगंज, १४ पुस/

नेकपा प्रदेश २ का अध्यक्ष ओली समूहका सत्यनारायण मण्डलले संसद् विघटन बाध्यात्मक अवस्थामा भएको बताएका छन् ।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा बुधवार वीरगंजमा हुने अगुवा कार्यकर्ता भेलाबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा नेता मण्डलले पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपीशर्मा ओलीले संसद् विघटन रहरले नगरेको बताए । उनले पार्टीभित्रको आन्तरिक कलह चुलिएपछि बाध्यात्मक अवस्थामा संसद् विघटन गर्नुपरेको प्रस्ट्याए ।

संसद् विघटन भएपनि प्रदेशसभा विघटन नहुने उनले बताए । उनले नेकपाका अध्यक्ष एवं प्रधानमन्त्री ओली सङ्घीयता र गणतन्त्रविरोधी भनेर गरिएको प्रचारमा सत्यता नभएको बताए । सिङ्गो नेपाल विखण्डन गर्न चाहने नेताहरू अहिले ठूलो स्वरमा अध्यक्ष ओलीलाई विखण्डनकारीको आरोप लगाइरहेको उनले बताए ।

पुस १५ गते वीरगंज नगर सभागृहमा हुने अगुवा कार्यकर्ता भेलामा आफ्नो समूहका ७ सयभन्दा बढी अगुवा कार्यकर्ताहरू सहभागी हुने उनले दाबी गरे ।

नेकपा पर्साका अध्यक्ष प्रभु हजराको अध्यक्षतामा भएको पत्रकार सम्मेलनको सहजीकरण सञ्जीव मिश्रले गरेका थिए । पत्रकार सम्मेलनमा ओली समूहका केन्द्रीय सदस्य राजकुमार गुप्ता, बसरुद्दीन अन्सारी, डा विश्वम्भर शर्मा, निर्मला देवकोटा, तेजप्रकाश निषाद्, महम्मद निजाम, विकाश रौनियारलगायतको सहभागिता थियो ।

# बेवारिसे वृद्धको उपचारको क्रममा निधन

प्रस, परवानीपुर, १४ पुस/

नारायणी अस्पतालमा उपचाररत एकजना बेवारिसे वृद्धको मृत्यु भएको छ । उपचारको क्रममा सोमवार बिहान साढे ८ बजे मृत्यु भएको अस्पताल स्रोतले जनाएको छ ।

अस्पताल व्यवस्थापन पक्ष र मेडिकल सुपरिटेन्डेन्ट सञ्जय ठाकुरको लापरवाहीको कारण वृद्धको मृत्यु भएको चिकित्सक स्रोतले जनाएको छ । चीसोको बेला उनको स्याहारसुसारमा अस्पतालले खासै चासो नदिएपछि हेरचाह र पर्याप्त उपचारको अभावमा वृद्धको मृत्यु भएको हो ।

कोरोना महामारी वीरगंजमा शुरू भएको गत चैतदेखि नै उनको उपचार भइरहेको थियो । उनको खुट्टामा समस्या भएकोले हिंड्डुल गर्न सक्दैनथे । उनलाई बेडसोर भएको थियो । ढाडमुनि घाउ र

(बाँकी पाँचौ पातामा)

# जाडोमा माछाको मागसँगै मूल्य पनि बढ्यो





पर्सागढी नगरपालिका–९ बर्वाटाँडीमा माछा मार्दै माझीहरू । तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, १४ पुस/

जाडोयाममा माछाको माग बढेसँगै पोखरीमा माछा मार्ने क्रम पनि बढेको छ । अधिकांश माछा व्यवसायीले जाडोयामलाई लक्षित गरेर पोखरीमा माछा सञ्चित गर्ने र यो मौसममा माछा मारेर राम्रो मूल्यमा बिक्री गर्ने गर्छन् ।

जाडोयाममा माछाको हेरचाहमा खासै खर्च नहुने र दोब्बरी मूल्यमा माछा बिक्री हुने भएकाले पर्सा जिल्लाका अधिकांश पोखरी सञ्चालकले जाडोयाममा माछा मार्ने गर्छन् । जाडोयाममा माछाको मूल्य अन्य यामको तुलनामा दोब्बरी भएको छ । पोखरीमा छरी माछा सामान्य अवस्थामा रु १८० प्रतिकिलोमा बिक्री हुने गरेको थियो भने अहिले जाडोयाममा छरी माछा रु २५० देखि २७५ प्रतिकिलोमा बिक्री भइरहेको माछा व्यवसायीले बताए ।

यसैगरी, एक किलो तौलको माछा सामान्य अवस्थामा रु १६० प्रतिकिलोमा पाइने गरेकोमा अहिले रु २५० पुगेको छ । दुई किलो तौल भएको माछा सामान्य अवस्थामा रु ३ सयमा बिक्री हुने गरेकोमा अहिले रु ५ सय पुगेको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्साका कार्यालय प्रमुख सहमत राम मौर्यले पर्सा जिल्लामा ५७१.०७ हेक्टर जलाशय क्षेत्र रहेको र त्यसमध्ये ४२१.७१ हेक्टर पोखरीमा माछाखेती भइरहेको बताए । जिल्लामा ३१४४.३५ मेट्रिक टन खानयोग्य माछा उत्पादन भइरहेको उनले बताए । पर्सा जिल्लामा प्रतिव्यक्ति वार्षिक तीन किलो माछा खपत हुने गरेको प्रमुख मौर्यले बताए ।

पर्सामा निजीस्तरका २० वटा मत्स्य नर्सरी र ६ वटा भुरा उत्पादन केन्द्र रहेको उनले बताए । उनले अहिले एउटा भुरा उत्पादन केन्द्र निर्माणाधीन अवस्थामा रहेको जानकारी गराएका छन् । पर्सा जिल्लामा भुरा उत्पादन र बिक्री गर्ने १५ वटा समूह रहेको उनले बताए ।

अहिले माछा मार्ने क्रम बढेको पर्सागढी नगरपालिका–९ का माझी सुरेश सहनी बताउँछन् । जाडोयाममा पोखरीमा पस्न समस्या हुने भएपनि पोखरीको तल सतहको पानी तातो हुने भएकोले माछा मार्दा समस्या नहुने उनले बताए । जाडोयामविपरीत गर्मीमा पोखरीको तल सतह चीसो हुँदा माछा मार्न गर्मीले समस्या नहुने उनको जिकिर छ । माछा मार्नको लागि सबैभन्दा अनुकूल मौसम वर्षायाम हुन्छ । गर्मीयामको तुलनामा जाडोयाममा माछा मार्ने क्रम बढी हुने गरेको उनले बताए । पर्सा जिल्लामा बारा जिल्लाका माझीहरू पनि माछा मार्न आउँछन् ।

बाराका भागीरथ सहनी, कृत सहनीले जाडोयाममा माछा मार्न भ्याइनभ्याइ हुने गरेको बताए । चौतर्फीरूपमा पोखरी सञ्चालकहरूले माछा मार्न आग्रह गर्ने गरेको उनले बताए । माझीहरूकै कारण कतिपय पोखरीमा अहिले माछा मार्न नसकिएको अवस्था छ । यही मौसममा जिल्लाभरिका पोखरीमा सञ्चित माछा मार्नुपर्ने र बजारमा बिक्री गर्नुपर्ने भएकोले माझीहरूको माग बढेको हो ।

जे सिक्नु छ, जवानीमैं सिक । मोज गर्ने अवसर त त्यसपछि पनि प्राप्त हुन्छ । आराम त मुर्दाको लागि हो भने काम जीवितको लागि ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


## नेकपाको नाटक

विभाजित नेकपा र तिनका नेताहरू एकले अर्कालाई नङ्ग्याउन लागिपरेका छन् । मानौं दुई पक्षबीच आकाश–जमीनको फरक छ । झन्डै दुई तिहाइ बहुमत प्राप्त केपीशर्मा ओली नेतृत्वको सरकारले मध्यावधि चुनावको घोषणा गरेपछि अब जनताको बीचमा कुन मुद्दा लिएर जाने समस्या खडा भएको छ । यो अवस्थामा 'संसद् विघटन र मध्यावधि चुनाव' मुख्य मुद्दा दुवै पक्षले पाएका छन् । "वर्तमान अवस्थामा मध्यावधि निर्वाचन एक मात्रै लोकतान्त्रिक विकल्प हो" भन्दै ओली पक्ष चुनावमा गइरहेको छ भने "लोकतन्त्रको निम्ति सबैभन्दा ठूलो घात हो" भन्दै प्रचण्ड–नेपाल पक्ष संसद् पुनर्स्थापनातर्फ गइरहेको छ । संसद् विघटन तथा मध्यावधि निर्वाचनको कुरा मुलुकवासीका लागि ताजा र चासोको विषय पनि भएकोले नागरिकको बीचमा जान वामपन्थी दल तथा समूहहरूलाई सजिलो भएको छ । नेकपाले पाँच वर्ष सरकार चलाएर चुनावमा जानुपरेको भए जनताको बीचमा के मुद्दा लिएर जान्थे होला ? सोचनीय छ, किनभने धेरैवटा लोकप्रिय नारालाई उसले बितेको चुनावमा नै खर्चिसकेको छ, जुन पूरा भएको छैन । सरकार गठन भएलगत्तै भागबन्डामा अल्झिएको नेकपा कहिले सरकार त कहिले पार्टीभित्रका पदीय लुँछाचुँडीमा तीन वर्ष अर्थात् ६० प्रतिशत समय बित्यो । पार्टी नफुटेको भएपनि पार्टीभित्रको झगडा, गुट–उपगुट झाँगिदै गइरहेको बाँकी दुई वर्षमा पहिलेको जति पनि काम हुन सक्ने थिएन । यो अवस्थामा चुनावमा जाँदा आफ्नै कार्यकर्ताको जवाफ दिन पनि नेतालाई फलामको चिउरा चपाउनुजस्तै थियो ।

पार्टी सञ्चालन र सरकारका कमीकमजोरीबारे दुवै समूहले जवाफ दिनुपर्छ । त्यस जवाफदेहिताबाट बच्न दुवै पक्षले राम्रो उपाय पाएका छन् । बाटोमा साहु आएको देख्यो कि झगडा गर्ने र कुटाकुट गर्ने एक दम्पतीको कथा छ । जति नजीक आयो उनीहरू झन् चर्को स्वरमा कराउँथे, "आज तँलाई छोडदिनँ, कि तँ मरिस् कि म मरें ।" साहु कर्जा माग्नुभन्दा पनि झगडा सुन्ने र फर्कने गर्थे । एक दिन त साहु राम्रो नोकरीको कुरा लिएर आउँदै थियो । त्यो दिन पनि दम्पतीमा त्यस्तै झगडा । दिक्क मान्दै साहुले नजीकैको अर्को व्यक्तिलाई राम्रो कमाइ हुने नोकरी दियो । ऋण चुक्ता गर्नको गाऱ्होले झगडाको नाटक गर्दा आफूले पाउने भाग अर्कैले पाएपछि दम्पती पुर्पुरोमा हात लगाएर बसेछ ।

वर्तमान ओली समूह र प्रचण्ड–नेपाल समूहको नाटक त्यही दम्पतीको नाटक जस्तै हो । नागरिक जवाफदेहिताबाट बच्न थिनीहरू फुटेका हुन् र संसद् विघटनबारे फरक–फरक अभिव्यक्ति दिइरहेका छन् । बिगारेको दुवैले हो । भोलिका दिनमा उनीहरू फेरि एक नहोलान् भन्ने पनि छैन । एमालेका तत्कालीन महासचिव मदन भण्डारीले भनेका थिए, "राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र कहिल्यै पनि हुँदैन ।" वाम पार्टीको नजीकको मित्रशक्ति वाम पार्टी नै हुन्छ, अरू पार्टीसँग मिल्ने कुरा आउँदैन । वामदेवले पार्टी फुटाएको र जुटाएको इतिहास ताजै छ । त्यसअघि झापा विद्रोहदेखि माओवादी विद्रोहसम्म आइपुग्दा फुट्ने र जुट्ने क्रम जारी छ । यस कारण थिनीहरूको जात्रामा पछि लाग्दा धोखा पाउने र फाल्तु बन्नेबाहेक केही हुँदैन । नेपाली काङ्ग्रेसले निर्वाचन क्षेत्रगत प्रदर्शन गरेर चुनाव लक्षित कार्यक्रम थालनी गरिसक्यो । वामपन्थीहरू मुठभेड गरिरहून् या नाटक गरिरहून् लोकतन्त्रवादी शक्तिहरू त्यता ध्यान नदिएर जनताको घरदैलोमा पुग्ने र सङ्गठन निर्माणमा जुट्न जरुरी छ ।

# यही नै हो हाम्रैं नियति

स्वतन्त्र विचार



विनोद गुप्ता

**कोरोनाले धराशयी बनेर २.५ प्रतिशतको गति लिने अपेक्षा गरिएको हाम्रो अर्थतन्त्रमा अब चुनाव भए ६ महीना र नभए भन्न नसकिने राजनीतिक अस्थिरताका कारण अर्थतन्त्रमा आउने गतिहीनता र चुनाव भए थप १५ अर्बको चुनाव खर्चले देशलाई भड्खालोमा धकेलेकै छ ।**

नेपालमा राणाकालदेखि हालसम्मको राजनीति अध्ययन गर्दा शासकहरू जहिले पनि शक्तिकेन्द्रित नै भएको पाइन्छ । राणाकालमा सत्ता हत्याउन भएका विभिन्न काण्डलगायत २००७ सालमा राजा त्रिभुवनको भारत पलायन होस् वा २०१७ सालमा राजा महेन्द्रले गरेको पञ्चायतको घोषणा । २०३६ सालको जनमत सङ्ग्रहमा समेत सत्ता जोगाउन भएका खेलहरू सबैको सम्झनामा नहोला । त्यसपछि २०४६ मा भएको आन्दोलनमा पहिलोपटक राजनीतिक दल एवं राजाबीच सत्ता साझेदारी गर्ने सहमति भयो र अन्तरिम सरकारको नेतृत्व गर्दै रहनुभएका तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको पालामा संविधान जारी भयो । संविधान जारी भएपछि भएको चुनावमा नेपाली काङ्ग्रेसले बहुमत ल्याइ सरकार बनायो र प्रमको स्वरूपमा पुनः कृष्णप्रसाद भट्टराई नै रहनुभयो । तर बहुमत प्राप्त गरेको यो सरकारलाई पनि नेकाका तत्कालीन महासचिव गिरिजाप्रसाद कोइरालाले स्थिर रहन दिनुभएन र संसद्भित्रै काङ्ग्रेस ७४ र ३६ को समूहमा विभाजित भयो । यसै रडाकोको कारण कृष्णप्रसाद भट्टराईले प्रमको पदबाट राजीनामा दिनुभयो भने गिरिजाप्रसाद कोइराला प्रम बन्न पुग्नुभयो । काङ्ग्रेस त्यसपछि कोइराला र भट्टराई खेमामा विभाजित भयो । भट्टराई खेमाको नेतृत्व गर्दै शेरबहादुर देउवाले पार्टी नै फुटाउनुभयो । फुटको यो रोग काङ्ग्रेसमा मात्रै सीमित नरही कम्युनिस्ट, राप्रपालगायतका दलहरूमा पनि सरेको र अझै विद्यमान रहेको पाइन्छ । एक पक्ष सधैं सत्तामा बसिरहन आतुर र अर्को पक्ष सत्ता प्राप्त गर्न चुनाव वा महाधिवेशन कुर्न धैर्य गर्न नसक्ने कारणबाट देशले प्रजातन्त्र बहालीको ३० वर्ष पार गरे पनि विकासको मामिलामा कुनै फड्को मार्न सकेको छैन । हामी किन यस्तो छौं भन्नेबारे विचार गर्दा हामीले पाउने बौद्धिक जवाफ भनेको हामी भूपरिवेष्टित गरीब मुलुक र संसाधनसमेत नभएको एवं भूराजनीति अवस्थितिका कारण यस्तो भएको भन्ने जवाफ पाइने गरेको छ । तर विगतलाई हेर्दा चीनले सगरमाथामाथि आफ्नो दाबी प्रस्तुत गरिरहँदा नेकाका तत्कालीन प्रम विपी कोइरालाले सप्रमाण लिनुभएको अडानका कारण सगरमाथा नेपालको रहेको हो भने भारतीय संसद्मा नेपालको सार्वभौमिकताका सन्दर्भमा केही आपत्तिजनक वाक्यांशको प्रयोग भएको कारणले जवाहरलाल नेहरूले क्षमायाचना गर्नुपरेको प्रसङ्गलाई सम्झिंदा त्यति बेला नेपालमा गरीबी र संसाधन कता थिए अनि भूराजनीतिक अवस्थामा के फरक थियो भनेर सोच्न बाध्य भइन्छ । २००७ सालको क्रान्तिमा जसरी भारतीय सहयोग रहेको थियो, त्यस्तै सहयोग २०१७ मा प्रजातन्त्र सिध्याउनसमेत थियो । पञ्चायतकालमा भएको खम्पा विद्रोहमा अमेरिकी हात रहेको र सो दबाउन नेपाल सरकारले त्यति रुचि नदेखाउँदा चीनले नेपालले नियन्त्रण नगरे आफूहरू सोझै नेपाल आउने सन्देश पाउनासाथ सेना परिचालन गरेर विद्रोह निस्तेज पारिएको दृष्टान्तबाट विदेशी हस्तक्षेप हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ भन्ने कुरामा दुई मत हुन सक्दैन ।

प्रजातन्त्र बहालीपछि माओवादी आन्दोलन, राजा ज्ञानेन्द्रको कु, २०६२/६३ को पहिलो र दोस्रो जनआन्दोलनको अस्थिर पृष्ठभूमिमा पहिलोपटक सङ्घीय गणतन्त्र नेपालमा तीनवटै तहको निर्वाचन सम्पन्न भएर नेकपाको करीब दुई तिहाइको बहुमत रहेको सरकार गठन भएको हो । गणतान्त्रिक संविधान जारी हुँदाका बखत भारतीय पक्षको अडानको बेवास्ता गरेको कारण भएको तेस्रो नाकाबन्दीको समयमा वर्तमान प्रम केपीशर्मा ओलीले लिनुभएको अडानले नेपालको राजनीतिमा उहाँको कदको उचाइ बढ्न पुगेकोमा दुई मत हुन सक्दैन । यसै लोकप्रियताका कारण उहाँको अगुवाइमा भएको माओवादीसमेत सम्मिलित भई गठन भएको नेकपाले स्पष्ट बहुमत पाएको हो । माओवादी द्वन्द्वदेखि सम्झौतासम्ममा भारतको सर्मथन थियो भन्ने कुरा निर्विवाद छ । तर नेपालमा सरकारमा आइसकेपछि भारतप्रति उत्तरदायी हुन नसकेको माओवादी समूह भनिन्छ चिनियाँ प्रभावमा एमालेसँग मिल्न पुगेको हो । यो मिलनले चुनावको गणित यसरी परिवर्तन गऱ्यो कि आफ्नो परम्परागत ३२ प्रतिशतको हाराहारीमा नेकाले भोट पाए पनि प्रत्यक्षतर्फ जम्मा २२ सिटमा जीत हासिल गरेर 'बूढो बाघ' भएर बसेको छ ।

दुई तिहाइको सरकारको नेतृत्व गर्न पाएपछि वर्तमान प्रमले नेपालीहरूलाई थुप्रै सपना जस्तैः पानीजहाज चलाउने, घरघरमा ग्यास पाइप पुऱ्याउने, आफ्नै पेट्रोलियम खानी उत्खनन गर्ने र काठमाडौंसम्म चीन र भारत दुवैतिरबाट रेलमा सर्र पुग्न सकिने आस देखाउनुभयो तर वास्तवमा उनको पाँच वर्षमध्येको तीन वर्ष कार्यकाल मेलम्ची, वाइड बडी, सुन प्रकरण, ललिता निवास प्रकरण, गोदावरी रिसोर्ट प्रकरण हुँदै ओम्नी प्रकरणसम्म आइपुग्दा उहाँको सरकार सामाजिक र नैतिक धरातलमा पूर्ण असफल भएको देखियो भने २८–३० प्रतिशतसम्म मात्र विकास बजेट खर्च गर्न सकेर आर्थिक मोर्चामा समेत असफल हुन पुग्यो । माओवादीसँग एकीकरण हुँदा भएको आलोपालोको समझदारी पालन नभएको र जनअसन्तुष्टि बढ्दै गएको कुरालाई आधार बनाएर नेकपाभित्रकै समूह एकत्रित भएर ओलीको विरोध गर्दा आफू अल्पमतमा परेको हीन भावनाले ग्रस्त भई संसद् विघटनका प्रस्ताव ल्याएका हुन् । होइन भने पार्टीगत कुरा नमिले पार्टीभित्रै मिलाउने अग्रगामी सोच राखेर खेलको नियम स्वीकार गर्न तयार हुनुको सट्टा सत्तामा बसिराख्न संसद् नै विघटन गरी सत्तासीन हुन 'प्यार और जङ्ग में सब जायज' भन्ने परम्परागत नेपाली राजनीतिक सोचको पालना गर्नुभएको छ । उहाँको यस सोचमा जनता भन्ने तत्त्व कहींकतै छैन । विघटन उहाँको प्रतिद्वन्द्वी एवं आमनागरिकको बुझाइमा गैरसंवैधानिक छ, त्यसैले सर्वोच्चमा थुप्रै रीट निवेदनहरू परेका छन्, जसमाथि संवैधानिक इजलासमा सुनवाइ हुँदैछ । सम्मानित अदालतको निर्णयको बारेमा प्रतीक्षारत रही विचार गरौं कि सम्मानित अदालतको निर्णय कि पक्षमा कि विपक्षमा आउन सक्छ । संसद् विघटनको विपक्षमा आए संसद् पुनर्स्थापित हुनेछ, नेकपाको पुनर्गठन हुने र कमरेड ओलीलगायत महामहिम राष्ट्रपतिको समेत राजनीतिक जीवन समाप्त एवं कलङ्कित हुनेछ । तर संसद् विघटनको पक्षमा आए पनि नेकपा फुट्ने, यसलगायत अन्य विपक्षी दलले सडक तताउने कारणले देशको राजनीति अस्थिर रहनेछ । चुनाव वैशाखमा भइहाले जित्ने दलले फेरि आफू सत्तामा बसिरहन यस्तै अस्त्रको प्रयोग गर्न यही नजीरलाई प्रयोग गर्ने र त्रिशङ्कु संसद् बनेमा पनि पुनः अस्थिरता हुने नै देखिन्छ । तर एउटा अकल्पनीय अवस्था पनि आउन सक्ने सङ्केत देखा परिरहेको छ । त्यो के हो भने जम्मा ८ दिन बाँकी रहँदासमेत राष्ट्रियसभाको बैठक आह्वान हुन सकेको छैन । भोलि वैशाखभित्र चुनाव हुन नसकेमा के होला भन्ने प्रश्न अगाडि आउँदा हामी फेरि विगतको नजीरलाई सम्झँदै कहीं रेग्मी सरकार जस्तै विकल्पमा पुग्नुपर्ने अवस्था नआउँला भन्न सकिन्न । सरकारलाई बाटो देखाउने अभिभारा बोकेको प्रतिपक्ष पनि नैतिक धरातलमा लडाइँ लड्नुभन्दा अवसरवादतर्फ उन्मुख देखिन्छ । आफ्नो यस्तो निर्णयलाई नसुधारेमा नेका अर्को निर्वाचनमा ओझेलमा पर्नेछ । आखिरमा यो द्वन्द्वले देशलाई के दिनेछ भन्ने सोच्दा गरीबी, अशिक्षा र दुर्गतिका साथै लिपुलेक एवं कालापानीका मुद्दा ओझेलमा पार्न मात्रै होइन सदाझैं निस्तेज पार्न ओलीको राजनीतिक जीवन समाप्त गर्ने खेल हो जस्तो लाग्छ जसको 'हनी ट्र्याप'मा हाम्रो प्रम पर्नुभयो । हुनत चिनियाँ पक्षले उद्धारको प्रयास गरिरहेको छ तर व्यूहरचना यति बलियो छ कि तत्कालै तोड्न सम्भव देखिंदैन । कालापानी विवादबारे अडान लिनेबेला कमरेड ओलीले फिर्ता ल्याउन सकिएला ? भनेर व्यक्त गर्नुभएको शङ्का भने सही साबित हुनेछ तर त्यसको मूल्य नेपाली जनताले लामो समयसम्म बेहोर्नुपर्ने देखिन्छ ।

कोरोनाले धराशयी बनेर २.५ प्रतिशतको गति लिने अपेक्षा गरिएको हाम्रो अर्थतन्त्रमा अब चुनाव भए ६ महीना र नभए भन्न नसकिने राजनीतिक अस्थिरताका कारण अर्थतन्त्रमा आउने गतिहीनता र चुनाव भए थप १५ अर्बको चुनाव खर्चले देशलाई भड्खालोमा धकेलेकै छ । यसबाट उन्मुक्तिको एकमात्र आशा भरोसाको केन्द्र सर्वोच्च नै बन्न पुगेको छ ।

# नेकपाको विभाजनले स्थानीयस्तरमा चिन्ता

प्रस, महोत्तरी, १४ पुस/

उपल्लो तहका नेताहरू आआफ्ना स्वार्थसहित विभाजन भएपनि नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का कार्यकर्ता र मतदाता भने पार्टी एकताकै पक्षमा उभिएका छन् । महोत्तरीका आम कार्यकर्ता र मतदाता अझै पार्टी एकताकै पक्षमा छन् ।

जिल्लाको भङ्गाहा नगरपालिका–३ का पुराना पार्टी कार्यकर्ता लक्ष्मीकान्त चौधरीका अनुसार यो पक्ष वा त्यो पक्षमा लाग्ने भनेर कुरा कसैले ल्याएका छैनन् र उनीहरू त्यस्ता कुरा ल्याउन दिने पक्षमा पनि छैनन् । करीब तीन वर्षअघि २०७५ जेठ ३ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर नेकपा घोषणा हुँदाको क्षण जीवनकै केही खुशीका क्षणमध्ये एक बनेको चौधरीले सम्झिए । पञ्चायतकालमैं तत्कालीन नेकपा (माले)सँग नजीक रहेका चौधरी विसं २०४७ मा तत्कालीन माले र नेकपा (मार्क्सवादी) एकीकरण भएर एमाले बनेदेखि सो दलमा सङ्गठित रहँदै आएका थिए ।

"चाँडै पार्टी एक गर्ने घोषणासहित २०७४ को चुनावमा एउटै मोर्चामा एमाले र माओवादी केन्द्र चुनाव लडे, मधेसमा राजनीतिक हावा प्रतिकूल चल्दा पनि नेकपाले प्रतिनिधिसभा क्षेत्र (महोत्तरी–१) र यसका दुवै प्रदेशसभा क्षेत्रमा शानदार जीत हात पारेको थियो । "त्यो एकताको पक्षको बल थियो, एकतालाई जनताले दिएको समर्थन थियो । लगत्तै २०७५ जेठ ३ मा दुवै पार्टी (एमाले र माओवादी केन्द्र)ले एकीकरण गरेर वचन पुऱ्याए," सम्झँदै चौधरीले थपे, "अहिले तीन वर्ष पूरा नहुँदै पार्टीकै साथीहरूले सरकारविरुद्ध रडाको मच्चाउनु दुर्भाग्यपूर्ण छ ।"

विसं २०४७ अघि मनमोहन अधिकारी नेतृत्वको तत्कालीन नेकपा मार्क्सवादीसँग नजीक रहेका भङ्गाहा–९ हरिनमरीका ९० वर्षीय जितन यादव पनि नेकपाभित्रको बढेको रडाकोले दुःखी छन् । "खै थिनलाई खाइमात लागेको हो कि ? जनताको मायालाई जोगाउन सकेनन्," यादवले विरक्त भावमा भने, "जीवनको उत्तरार्द्धमा एकताबद्ध कम्युनिस्ट पार्टीकै काखमा मर्ने इच्छा भाँच्चियो । अझै नेताहरूले बुझेर स्थिति सम्हालिदिए रहर पूरा हुन्थ्यो कि भन्ने झिनो आस बाँकी छ" यादवले भने ।

भङ्गाहा–५ सीतापुरका ७५ वर्षीय झौली भण्डारी पनि नेकपाभित्र उपल्लो तहमा मच्चिएको रडाको तल्लो तहसम्म आइपुग्दा विरक्तिएका छन् । चौधरी, यादव र भण्डारीजस्तै जिल्लाकै बलवा नगरपालिका–११ भगवतीपुरका ६५ वर्षीय उत्तिम माझी मुसहरको मन पनि पार्टी विभाजनले विरक्तिएको छ । पार्टीभित्रको अहिलेको विग्रह नीति, सिद्धान्तको नभई आआफ्नो स्वार्थका लागि नेताहरूले झिकेका बखेडा भएको मुसहरको बुझाइ छ ।

बलवाकै धमौरा बस्तीका ७० वर्षीय वासुदेव पासवान, भङ्गाहा–६ हतिसर्वाका ७५ वर्षीय सीताराम सर्दार बाँतर र सोही बस्तीका ७० वर्षीय इस्लाम राइनको पनि उत्तिम माझी मुसहरकै जस्तो चिन्ता र गुनासो छ । नेकपाको विभाजनले पार्टीभित्र मात्र नभएर मुलुककै लोकतान्त्रिक गणतन्त्र पनि कमजोर बन्न सक्ने यहाँका वाम बुद्धिजीवीहरूले बताएका छन् ।




सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# वास्तविक अर्थमा प्रतिनिधिसभा विघटन भएको छैन –प्रचण्ड

काठमाडौं, १४ पुस/रासस

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रचण्ड–नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभाको विघटन



जनसभामा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रचण्ड–नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड । तस्वीरः रासस

संविधानको मर्म र भावनाविरुद्ध रहेको बताएका छन् । प्रतिनिधिसभा विघटनविरुद्ध नेकपाले मङ्गलवार काठमाडौंमा आयोजना गरेको जनसभामा उनले संविधानमा हुँदै नभएको प्रावधान प्रयोग गरेर प्रतिनिधिसभा विघटन गरिए पनि वास्तविक अर्थमा विघटन नभएको बताए ।

"सदनभित्र गएर विकल्प खोज्दा देखिएन भने मात्र प्रतिनिधिसभा विघटन हुन सक्छ भन्ने व्यवस्था संविधानमा राखिएको हो," प्रतिनिधिसभाभित्र सरकार बन्ने चार विकल्प हुँदासम्म विघटन गर्न नसकिने जिकिर गर्दै उनले भने, "तर अहिले संविधानको मर्म र भावनामाथि निर्मम ढङ्गले प्रहार गरिएको छ, यो सदन, सार्वभौम सांसद र नेपाली जनताको लामो सङ्घर्ष र बलिदानमाथिको प्रहार हो ।" संविधानले दिँदै नदिएको अधिकार प्रयोग गरेर संसद् विघटन गरिनु विडम्बनायुक्त भएको बताउँदै उनले भने, "सदन विघटन भएको छैन, सदन जीवित छ, सरकार संविधानको मर्म र जनताको भावनाविपरीत गएको छ, प्रतिनिधिसभा पुनर्स्थापना नहुन्जेल आन्दोलन रोकिँदैन ।"

संविधानको अक्षर र भावनालाई सर्वोच्च अदालतले सम्मान गर्ने विश्वास व्यक्त गर्दै उनले संविधानको मर्म र भावना न्यायालयले बुझ्दैन भनेर आफूले सोच्न पनि नसक्ने बताए । प्रतिनिधिसभा विघटनविरुद्ध जनताले गरेको प्रदर्शनलाई संसद् पुनर्स्थापनाका लागि दबाब दिएका रूपमा नबुझ्न न्यायालयलाई आग्रह गर्दै उनले यसलाई जनताको प्रतिरोधलाई सहजीकरणका रूपमा हेरिदिन आग्रह गरे । समयमैं गल्ती सच्याएर जाँदा जनताले माफी दिने जनाउँदै उनले प्रतिनिधिसभा पुनर्स्थापना नहुन्जेल आन्दोलनको आँधीबेहरी सिर्जना गरिने चेतावनी दिए ।

पार्टीभित्र बहस र छलफल शुरू गर्दा अर्का अध्यक्ष केपीशर्मा ओलीले पार्टी विभाजनको खेल खेलेको आरोप लगाउँदै उनले प्रधानमन्त्री कहिल्यै बैठकमा बस्न तयार नभएको जिकिर गरे । पार्टी एकता हुँदाको बखत निर्वाचन आयोगमा पेश गरिएको केन्द्रीय सदस्यको विवरण अनुसार आफूहरूसँग ७० प्रतिशतभन्दा बढी सदस्य रहेको जिकिर गर्दै उनले पार्टीको आधिकारिता र निर्वाचन चिह्न सूर्य आफूहरूले नै पाउने जिकिर गरे ।

सो अवसरमा नेकपा केन्द्रीय सङ्घर्ष समितिका संयोजक एवं पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले संसद् पुनर्स्थापना नभएसम्म आफूहरूको आन्दोलन नरोकिने बताए । ऐतिहासिक आन्दोलन, संविधानको मर्म र भावनाविपरीत सरकारले संसद् विघटनको सिफारिश गरेको जनाउँदै उनले सरकारको कदमविरुद्ध देशव्यापी आन्दोलनलाई बुलन्द पार्न आग्रह गरे ।

पार्टी स्थायी कमिटी सदस्य एवं वाग्मती प्रदेशका इन्चार्ज अष्टलक्ष्मी शाक्यले लगातार पार्टी कमिटीको बैठक बहिष्कार गर्नाका साथै जनप्रतिनिधिमूलक संस्था विघटन गरेर ओलीले जनभावनाविरुद्ध कदम चालेको आरोप लगाइन् ।

विरोधसभाअघि राजधानीका १३ स्थानबाट जुलुस नगरपरिक्रमा गर्दै भृकुटीमण्डप पुगेको थियो । टेकु, नयाँ बानेश्वर, मैतीदेवी, नक्साल, लैनचौर, कुलेश्वर, रत्नपार्क, बागबजार, कुपण्डोललगायत स्थानबाट निस्केको जुलुसलाई पार्टीका शीर्ष नेताले नेतृत्व गरेका थिए । नेकपाले प्रतिनिधिसभा विघटनविरुद्ध जनप्रदर्शन गर्न सचिवालय सदस्य श्रेष्ठको संयोजकत्वमा दुई हजार ५०१ सदस्यीय सङ्घर्ष समिति गठन गरेको थियो । यही पुस ५ गते प्रतिनिधिसभा विघटन भएपछि नेकपा प्रचण्ड–नेपाल समूह सडक सङ्घर्षमा उत्रिएको हो ।


जनकपुरस्थित रामजानकी मन्दिर परिसरमा सौन्दर्यीकरणको काम हुँदै ।
तस्वीरः राधेश्याम पटेल/प्रतीक

# परिसङ्घ र गभर्नरबीच छलफल

काठमाडौं, १४ पुस/रासस

नेपाल उद्योग परिसङ्घका पदाधिकारीले मङ्गलवार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई भेट गरी नेपाल राष्ट्र बैंकबाट भएका नीतिगत व्यवस्थाले उद्योगी–व्यवसायीलाई परेको समस्याका बारेमा छलफल गरेका छन् ।

छलफलमा शेयरको धितोमा कर्जा प्रवाह, अधिविकर्ष कर्जा र कर्जाको अग्रिम भुक्तानी शुल्कका सम्बन्धमा छलफल गरेको परिसङ्घले जनाएको छ । शेयरको धितोमा कर्जा प्रवाहमा हाल भएको व्यवस्थाले जलविद्युत्लगायतका भौतिक पूर्वाधारका योजनाहरू तथा सार्वजनिक निजी साझेदारीको लगानीमा बन्ने पूर्वाधारका योजनाको लगानी प्रभावित हुने परिसङ्घको धारणा छ ।

अधिविकर्ष कर्जाको सम्बन्धमा पूर्ववत् एक बैंकबाट प्रतिव्यक्ति अधिकतम रु ५० लाख अधिविकर्ष कर्जा प्रवाह गर्न पाउने व्यवस्था गरिनुपर्ने परिसङ्घले माग गरेको छ । त्यसैगरी, कर्जाको अग्रिम भुक्तानीमा कर्जा अग्रिम भुक्तानीको शुल्कसमेत धेरै भएकाले घटाइनुपर्ने धारणा राख्दै परिसङ्घका अध्यक्ष सतिशकुमार मोरले कर्जाग्राहीले आफ्नो स्वपूँजी वा व्यवसायबाट आर्जित नाफा वा नगद प्रवाहबाट कर्जा अग्रिम भुक्तान गर्न नपाउनु व्यावसायिक सिद्धान्तको विपरीत भएकाले सो कर्जा भुक्तान गर्न दिइनुपर्ने माग गरे ।

छलफलको क्रममा कर्जा स्वाप शुल्क बढी भएकोले सो शुल्क घटाउनुपर्ने, दुई वर्ष लगातार घाटामा रहेका उद्योगलाई सूक्ष्म निगरानीमा राखी कर्जामा थप 'प्रोभिजनिङ' गर्नुपर्ने व्यवस्थाले घाटामा सञ्चालनमा रहेका उद्योगलाई थप मर्का पर्ने भएकाले सो समयलाई पाँच वर्ष लगातार घाटामा रहे प्रोभिजनिङ गर्ने व्यवस्था गर्दा उद्योगलाई सहज हुने बताए ।

त्यसैगरी, पुनर्कर्जाको अधिकतम सीमा रु २० करोड भएकाले ठूला उद्योग तथा व्यवसायलाई राहत नहुने भएकाले सो सीमालाई बढाउन माग गर्दै त्यसको प्रवाहको प्रक्रियागत कठिनाइ रहेकाले धेरै उद्योगले सो सुविधा उपभोग गर्न नपाइरहेको वा अत्यन्त ढिलाइ भइरहेकाले सो प्रक्रियालाई सरलीकृत गरिनुपर्ने परिसङ्घको भनाइ छ । त्यसैगरी, एकीकृत निर्देशन, २०७७ मा कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानीसम्बन्धी व्यवस्था अनुसार कर्जा नोक्सानीबापत कायम गर्नुपर्ने व्यवस्थामा सञ्चालकको निजी सम्पत्ति कर्जा धितो राख्दा थप प्रोभिजनिङ गर्नुपर्ने व्यवस्था रहेको छ ।

यस्तो व्यवस्थाले कम्पनी वा व्यवसायलाई कर्जाप्राप्तिको लागि मर्का परिरहेकाले आवश्यकता अनुसार सञ्चालकको पहिचानका अन्य उपाय अवलम्बन गरी कम्पनीलाई आवश्यक ऋणप्राप्तिका लागि निजी सम्पत्ति धितो राख्दा प्रोभिजनिङ गर्नु नपर्ने व्यवस्था मिलाउन परिसङ्घले माग गरेको छ ।

विदेशी विनिमय सम्बन्धमा विदेशी परामर्श सेवाबापत हुने भुक्तानीलाई १० हजार अमेरिकी डलर वा सो सरह भारतीय रुपैयाँ गरिनुपर्ने, टिटीमार्फतको भुक्तानीलाई ४० हजार अमेरिकी डलर गरिनुपर्ने र पासपोर्टमा सटही सुविधा दुई हजार ५०० अमेरिकी डलर गरिनुपर्ने परिसङ्घको माग रहेको छ ।

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त गरी हायर पर्चेज कर्जा प्रदान गर्ने संस्थालाई कर्जा सूचना केन्द्रको सदस्यता प्रदान गर्नुपर्ने माग गर्दै हायर पर्चेज कर्जा प्रवाह गर्ने संस्था संलग्न नभएमा विभिन्न वाणिज्य बैंकबाट यस्तो क्षेत्रमा गरेको लगानी तथा यस्ता संस्थाले जारी गरेको कर्जाको सुरक्षामा जोखिम बढ्न सक्ने परिसङ्घको भनाइ छ । परिसङ्घले विदेशी मुद्रामा भारतबाट आयात गर्न पाउने वस्तुको सूचीमा थप १० वस्तुसमेत थप गर्न नेपाल राष्ट्र बैंकसँग माग गरेको छ ।

छलफलमा राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले निजी क्षेत्रबाट प्राप्त सुझावलाई सकारात्मकरूपमा लिई सकेसम्म निजी क्षेत्रको मागलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । राष्ट्र बैंकले रु ८५ अर्बको रिफाइनान्सको व्यवस्था गरे पनि रु १० अर्ब पनि नगइसकेको अवस्था रहेकाले उद्योगी–व्यवसायीलाई रिफाइनान्सको लाभ लिन परिसङ्घले प्रोत्साहन गर्नुपर्ने बताए । उद्योगमा विदेशी दक्ष कामदार ल्याउँदा पूर्वस्वीकृति लिएर गर्नुपर्ने धारणा राख्दै नीतिगत विषयमा नेपाल राष्ट्र बैंक र निजी क्षेत्रको अवधारणा फरक देखिए पनि उद्योग व्यवसाय प्रवर्द्धन गर्न निजी क्षेत्रका मागलाई सकेसम्म सम्बोधन गर्दै जाने उनको भनाइ थियो ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकको अनुसन्धान विभाग र परिसङ्घको अनुसन्धान सेलबीचमा सहकार्य गर्ने सम्बन्धमा सम्भावित क्षेत्र पहिचान गरी आगामी दिनमा छलफल गर्ने बताइएको छ ।

छलफलमा परिसङ्को तर्फबाट वरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवाल, उपाध्यक्ष क्रमशः निर्वाण चौधरी, सुलभ अग्रवाल र बैंकिङ समितिका संयोजक अनलराज भट्टराईको उपस्थिति थियो ।

# निकुञ्ज सुरक्षार्थ 'अप्रेसन महाहन्ट'

चितवन, १४ पुस/रासस

चितवन राष्ट्रिय निकुञ्जमा दुर्लभ वन्यजन्तु चोरी–शिकार नियन्त्रण अभियानमा महत्त्वपूर्ण मानिएको 'अप्रेसन महाहन्ट' मङ्सिर २५ गतेदेखि शुरू गरिएको छ । यस अवधिमा १६ जना पक्राउ परेका छन् ।


तस्वीरः फाइल

दुईजना अखेटोपहारसहित, एकजना फरार र १३ जना रातको समयमा माछा मार्ने प्रयोजन देखाएर बसेका पक्राउ परेका हुन् । महाहन्टका लागि विशेष फौज वाहिनीबाट यहाँ खटिएको छ । निकुञ्ज सुरक्षार्थ नेपाली सेनासहित एक हजार हाराहारी सुरक्षाकर्मी परिचालन गरिएको बटुकदल गणका गणपति अरुण श्रेष्ठले जानकारी दिए । निकुञ्जको सुरक्षा नेपाली सेनाको बटुकदल गणले गर्दै आएको छ । श्रेष्ठका अनुसार विशेष फौज र निकुञ्जमा रहेका सेनालाई संयुक्तरूपमा तालीम दिएर अप्रेसन महाहन्ट शुरू गरिएको हो ।

नियमित सुरक्षाका अतिरिक्त महाहन्टमा विशेष सुरक्षा फौजले निकुञ्ज कर्मचारी, सरोकारवाला संरक्षणमा सम्बद्ध निकायसँग समन्वय गरी निकुञ्जको विशेष सुरक्षा गर्ने उनले बताए । महाहन्टका क्रममा चार कुकुर र पाँचवटा ड्रोनसमेत परिचालन गरिएको छ । हात्ती, गाडी, मोटरसाइकल, साइकल, पैदल, डुङ्गा गस्तीसमेत गरिँदै आएको छ ।

हाल भएका पोस्टका अतिरिक्त अन्य ठाउँमा रातको समयमा पनि सुरक्षाकर्मीले सुरक्षा दिनेछन् । वर्षात् सकिएपछि हिउँदको समयमा निकुञ्जको भित्री भाग र मध्यवर्ती क्षेत्रभित्र पर्यटन मार्ग खुल्ला हुने, पात झरेर जङ्गल उजाड हुने, खरखडाइ खुल्दा मानिसको आवतजावत बढ्ने, खोला घटेर सहजै मानिस वारपार गर्न सक्ने हुनाले यो समयलाई चोरी–शिकारको दृष्टिले अति संवेदनशील समय मानेर विगत केही वर्षयतादेखि महाहन्ट सञ्चालन गरिँदै आएको छ ।

चितवन राष्ट्रिय निकुञ्जमा सुरक्षार्थ खटिने सेनाले विसं २०६७ बाट अप्रेसन सञ्चालन गर्दै आएकामा विसं २०७१ देखि भने महाहन्ट सञ्चालन गर्दै आएको छ । पुसदेखि वर्षात् शुरू नभएसम्म महाहन्ट जारी रहने गर्दछ ।

विगतको अवस्थालाई हेर्दा मङ्सिरदेखि जेठ मसान्तसम्मको समयमा ८० प्रतिशत चोरी–शिकार हुने गरेको पाइएको छ । चैतदेखि जेठसम्म ६० प्रतिशत चोरी–शिकारी भएको तथ्याङ्कले देखाएको छ । यसैलाई मध्यनजर गरी खोलानाला घटेकाले जनावर पानीको खोजीमा टाढाटाढा जाने र पातपतिङ्गर झरेर जङ्गल सफा भएको समय पारेर चोरी शिकारी हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै सुरक्षा थप मजबूद बनाउन महाहन्ट सञ्चालन गरिएको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणिनाथ बरालले बताए ।

महाहन्ट सञ्चालनअघि पनि निकुञ्ज सुरक्षार्थ नियमित गस्ती हुँदै आएको छ । जसमा पैदल, साइकल, मोटरसाइकल, गाडी, हात्ती र डुङ्गा गस्ती पर्दछन् । 'रियल टाइम पेट्रोल मनिटरिङ' प्रणालीबाट गस्ती टोलीले गस्ती गरेको ठाउँ र दूरी हेर्न सकिन्छ ।

यसै प्रणाली अन्तर्गत निकुञ्जका पाँचवटा सेक्टरमा रहेका गुल्मपतिले समेत अनुगमन गर्ने गरेका छन् । निकुञ्जको अमलटारी, बबई, मेघौली, सौराहा र खगेन्द्रमल्लीमा सेनाका गुल्म रहेका छन् । ती गुल्ममा एक/एक वटा ड्रोन राखेर निरीक्षण गरिँदै आएको छ ।

बरालले पछिल्लो समय समुदायलाई समेत समेटेर महाहन्ट सञ्चालन गरिएको भन्दै यसले निकुञ्ज र समुदायबीचको सम्बन्ध अझै नजीक हुने बताए । निकुञ्जमा हाल ५१ ठाउँमा स्थायी पोस्ट रहेकामा महाहन्टका समयमा १२० भन्दा बढी ठाउँमा अस्थायी पोस्टकै रूपमा सुरक्षाकर्मी र कर्मचारी रहेर निकुञ्जको गस्ती गरिएको छ । बराल महाहन्टको समयमा अनुभवप्राप्त नेपाली सेनासमेत परिचालन हुने हुँदा निकुञ्जका शङ्कास्पद सबै क्षेत्रमा पुगेर निगरानी गरिने बताउँछन् । साउनयता मात्र चोरी शिकारीका कारण मरेका चारवटा गैंडा फेला परेका छन् । विगत लामो समयदेखि शून्य चोरी शिकार रहेको यस निकुञ्जमा यस वर्ष पुनः चोरी शिकारी बढेको हो । यससँगै निकुञ्ज सुरक्षामा नयाँ रणनीति अपनाइएको छ ।

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

## जीवेम शरदः शतम्

**१३. चिराइतो** (सुअर्शिया चिरायता)

यो जङ्गलमा पाइने तीतो द्रव्यको रूपमा भएको कारण किराततिक्त पनि भनिन्छ। किरात र चिरेट्टा यसको अन्य नाम हो। चरक अनुसार यो तिक्त स्कन्ध तृष्णा समूहमा तथा सुश्रुत अनुसार आरग्वध समूहमा गनिन्छ।

**वानस्पतिक परिचय–** यो उचाइमा पाइने बोट हो। यसको क्षुप दुईदेखि चार फिट अग्लो एक वर्षायु वा द्विवर्षायुको हुन्छ। यो हिमालय प्रदेशमा चारदेखि दश हजार फिटको उचाइमा फल्छ। नेपाल यसको मूल उत्पादक देश हो। कहींकतै मध्य भारतको पहाडी इलाका र दक्षिण भारतको पहाडमा यसलाई उब्जाउने प्रयास गरिएको छ।

यसको काण्ड स्थूल आधादेखि डेढ मिटर लामो, शाखायुक्त गोलो र अगाडितर्फ चार कुना भएको पीतवर्णको हुन्छ। पात चौडा, भालाकार १० सेन्टिमिटरसम्म लामो ३ देखि ४ सेन्टिमिटर चौडा अग्रभाग चोखो हुन्छ। तल ठूलो तथा माथि छोटो हुँदै जान्छ।

फूल हरियो–पहेंलो रङ्गको बीच–बीचमा बैंगनी रङ्गबाट चित्रित, अनेक शाखायुक्त पुष्पदण्डमा लागेको हुन्छ। फूलको बाहिरी र आभ्यन्तर कोष ४–४ खण्डको हुन्छ तथा प्रत्येकमा दुईवटा ग्रन्थि हुन्छ। फल लामो गोलो छोटो एक चौथाइ इन्चको अन्डाकार हुन्छ तथा बीउ बहुसङ्ख्य, छोटो, बहुकोणीय एवं चिल्लो हुन्छ। वर्षा ऋतुमा फूल फुल्छ। फल जब वर्षाको अन्त्यसम्म पाक्छ तब शरद ऋतुमा यसलाई सङ्ग्रह गरिन्छ। यस बोटमा कुनै विशेष गन्ध हुँदैन तर स्वाद भने तीतो हुन्छ।

**पहिचान मिलावट शुद्धाशुद्ध परीक्षा–** यसको पञ्चाङ्ग र पुष्प प्रयुक्त हुन्छ। सहजै उपलब्ध नभएकोले यसमा मिलावट निकै हुन्छ। पञ्चाङ्गमा पनि प्रधानता काण्ड नै हुन्छ, जुन दुई–तीन फिट लामो हुन्छ। यसको बोक्रा च्याप्टो, भित्रतर्फ केही मोडिएको तथा बाहिरतर्फ खैरो रङ्गको र भित्रबाट गुलाबी रङ्गको हुन्छ। चपाउँदा छाला रेशादार कुरकुरी, टर्रो हुन्छ। बोक्राभित्र सूक्ष्म रेखा देखिन्छ।

सुअर्सिया चिराइतोका कैयौं प्रजातिको प्रयोग मिलावटमा पंसारीगण गर्छन्। यसमा केही हुन्छ मीठो वा पहाडी चिराइतो (सुअर्सिया अंगस्टिफोलिया) सुअर्सिया अलाटा, बाइमैक–लाटा, सिलिटा, डेन्सिफोलियो, लाबी, माइनर, पैनीकुलैटा। यस अतिरिक्त चिराइतोमा कालमेघ (एन्ड्रोग्राफिस पैनीकुलैटा) तथा मंजिष्ठा (रूविया कार्डियाफोलिया)को पनि मिलावट गरिन्छ। कालमेघलाई हरियो चिराइतो नाम दिइएको छ। यसको पहिचान गर्ने एकमात्र तरीका छ– हेर्दा एकसरह भएपनि शेष स्वादमा अर्ध तीतो वा मीठो हुन्छ। बोक्राभित्रको बनावटलाई ध्यानले हेर्दा पनि भेद पत्ता लगाउन सकिन्छ। अनुप्रस्थ काटमा मज्जाको भाग स्पष्ट देखिन्छ। यो कोमल हुन्छ, सजिलै पृथक देखिन्छ। शेष परीक्षण रासायनिक विश्लेषणको आधारमा गरिन्छ। जस अनुसार तिक्त सत्व कमसेकम १.३ प्रतिशत हुनुपर्छ।

मीठो चिराइतोको डाँठ आयताकार हुन्छ तथा असली चिराइतोको तुलनामा मज्जाको भाग अपेक्षाकृत कम हुन्छ। शेष सबै मिलाएर औषधिलाई त्यसको विशिष्ट लक्षणद्वारा पहिचान गर्न सकिन्छ।

**सङ्ग्रह–संरक्षण–कालावधि–** बोटलाई औषधि प्रयोजनको लागि फल पूर्णरूपले पाकेपछि शरद ऋतुमा एकत्रित गरिन्छ। यस्तो सङ्ग्रहित चिराइतो एक वर्षसम्म प्रयुक्त हुन सक्छ। चिराइतोको बोक्रालाई सुकाएर अनार्द्र–शीतल स्थानमा बन्द डिब्बामा राख्नुपर्छ।

> **वेल्थ अफ इन्डियाका विद्वान् वैज्ञानिकका अनुसार चिराइतो एउटा यस्तो गन्धहीन तीतो पदार्थ हो, जसको कषायता (एस्ट्रिन्जेन्सी) निकै कम हुन्छ। एलोपैथी सिद्धान्त अन्तर्गत यो निकै समयसम्म ब्रिटिश र अमेरिकन फार्मेकोपियाको एउटा महत्त्वपूर्ण औषधि रह्यो।**



**गुणकर्मसम्बन्धी विभिन्न मत–** यसलाई लगभग सबै विद्वान्हरूले सन्निपात ज्वर, व्रण, रक्त, दोषहरूको सर्वश्रेष्ठ औषधि मानेका छन्। भाव प्रकाश निघण्टुकार लेख्छन्:

**किरातः सारको रक्षोऽशीतलस्तिक्तको लघुः।**
**सन्निपात ज्वरश्वास कफ पित्तास्रदाहनुत् ॥**
**कासशोथ तृषा कुण्ठ ज्वर व्रण कृमिप्रणुत ॥**

यसैले यो एक प्रकारको प्रतिसङ्क्रामक औषधि हो। यसले ज्वर उत्पन्न गर्ने मूल कारणलाई निवारण गर्छ। यसै प्रकार यो तीतोपनको कारण कफ–पित्त शामक तथा उष्ण–वीर्य भएकोले वातशामक हुन्छ। यी सबै दोषको कारण उत्पन्न कुनै पनि सङ्क्रमणबाट यसले मोर्चा लिन्छ। कोढ, कृमि तथा व्रणलाई मेटाउँछ।

वनौषधि चन्द्रोदयका विद्वान् लेखकका अनुसार जीर्ण विष्म ज्वर आफ्नो स्वरूप बहुधा ज्वररूपमा प्रकट गर्दैन, अपितु अजीर्ण, अग्निमन्दता र हलुका तापमानमा वृद्धिको रूपमा नै देखिन्छ। यी लक्षणको समूल नष्ट गर्नमा चिराइतो निकै उपयोगी हुन्छ। चिराइतोको ज्वरघ्न प्रभाव उत्पन्न मृदु हुन्छ।

वेल्थ अफ इन्डियाका विद्वान् वैज्ञानिकका अनुसार चिराइतो एउटा यस्तो गन्धहीन तीतो पदार्थ हो, जसको कषायता (एस्ट्रिन्जेन्सी) निकै कम हुन्छ। एलोपैथी सिद्धान्त अन्तर्गत यो निकै समयसम्म ब्रिटिश र अमेरिकन फार्मेकोपियाको एउटा महत्त्वपूर्ण औषधि रह्यो।

इन्डियन फार्मेकोपियामा पनि यसलाई एउटा ज्वर निवारक पदार्थको नाताले स्थान पाएको छ। जीर्ण ज्वरोमा भारतमा निकै समयदेखि अनेकौं योग र विधिको रूपमा यसको चूर्ण, क्वाथ, टिंक्चर सबै प्रयुक्त हुँदै आइरहेको छ। कर्नल चोपडाले आफ्नो ग्रन्थ मेडिसिनल प्लान्ट्स अफ इन्डियामा यसलाई एउटा उत्तम प्रतिसङ्क्रामक (एन्टिबायोटिक) ज्वरघ्न, जीवनीशक्ति बर्धक तथा जीवाणु कृमि–नाशक मानेका छन्। डा शरत्चन्द्र घोषका अनुसार यो टाइफाइड ज्वरो र बीच–बीचमा रोकिएर आउने इन्टरमिटेन्ट फिभर्समा पनि निकै उपयोगी हुन्छ। उनका अनुसार यो वैद्यले अपनाएको एउटा श्रेष्ठ औषधि हो।

**रासायनिक सङ्गठन–** चिराइतोमा पहेंलो रङ्गको एउटा तीतो अम्ल–ओफेलिक एसिड हुन्छ। यस अम्लको अतिरिक्त अन्य जैव सक्रिय सङ्घटक हुन्छ। दुई प्रकारका तीतो ग्लग्इकोसाइड्स चिरायनिन र एमेरोजेन्टिन, दुई क्रिस्टलियफिनोल, जेन्टियोपिक्रिन नामक पहेंलो रङ्गको एउटा न्यूट्रल क्रिस्टल यौगिक तथा एक नयाँ प्रकारको जैन्योन जसलाई सुअचिरिन नाम दिइएको छ।

एमेरोजेन्टिन नामक ग्लाइकोसाइड विश्वको सबैभन्दा तीतो पदार्थमध्ये एउटा हो। यसको तीतोपन एक करोड चालीस लाखमा एक भागको नगन्य जस्तो सान्द्रतामा पनि अनुभव भइरहन्छ। यो सक्रिय घटक नै चिराइतोको औषधीय क्षमताको प्रमुख कारण पनि हो। इन्डियन फार्मेकोपियाद्वारा निर्धारित मानक अनुसार चिराइतोमा तिक्त घटक १.३ प्रतिशतभन्दा कम हुनुहुँदैन। तथा भस्मको अनुपात पनि चारदेखि ६ प्रतिशत हुनुपर्छ। यसको द्रव्य गुण पक्षमाथि लेखिएको शोध प्रबन्धमा बिएचयुका डा प्रेमव्रत शर्माले यसको रासायनिक सङ्घटकमध्ये प्रत्येकको गुण, धर्म र त्यसको प्रायोगिक प्रभावमाथि विस्तारले प्रकाश पारेका छन्।

**आधुनिक मत–** एलोपैथी, आयुर्वेद, होमियोपैथी र युनानी सबैमा एकै स्वरले यसको ज्वरघ्न प्रभावको प्रशंसा गरिएको छ। एलोपैथीमा एन्टिबायोटिक्सको बाढी आएपछि पनि चिराइतोको हानिरहित विशेषतालाई अहिलेसम्म कसैले चुनौती दिन सकेको छैन। सिनकोनासरह यो मलेरिया ज्वरोमाथि पनि प्रभाव पार्छ तथा यकृत एवं रक्तबाट यसको पेरासाइट्सलाई निकालेर बाहिर गर्छ। अन्य रासायनिक एन्टिमलेरियन लिएपछि जुन कमजोरी हुन्छ, त्यो यसलाई ग्रहण गरेपछि अनुभव हुँदैन। यसको कारण बताउँदै डा खोरी भन्छन्– चिराइतो मूलतः शरीरको जीवाणुरोधी शक्ति बढाउने सामर्थ्यको कारण हो न कि मारक प्रभावको कारण। श्री खगेन्द्रनाथ बसुका अनुसार प्रातःकाल खाली पेट लिइएको चिराइतोको काढा वा चूर्ण (वा चिराइतो भिजाएको पानी मिश्रीसँग) लिंदा उदरस्थ कृमि तुरुन्तै समाप्त हुन्छ। एक महीनासम्म यसो गर्दा कुष्ठरोगको समूल नै नष्ट हुन्छ।

डा प्रसाद बनर्जीको मटेरिया मेडिका अफ इन्डियन ड्रग्स अनुसार चिराइतो इन्फ्लुएन्जा, मलेरिया र टाइफाइड जस्ता अलग–अलग कारणबाट हुने ज्वरोमा समानरूपले लाभकारी हुन्छ।

होमियोपैथीमा चिराइतोको उपयोगिता ज्वरो निवारणको लागि सर्वप्रथम डा कालीकुमार भट्टाचार्यले प्रतिपादित गरेका थिए। श्री घोष आफ्नो पुस्तक ड्रग्स अफ हिन्दुस्तानमा लेख्छन् कि चिराइतोले नयाँ (एक्युट) र पुरानो (क्रोनिक) दुवै प्रकारका ज्वरोलाई मेटाउँछ। नयाँ त्यो जुन प्रायः विषाणु वा मलेरिया पेरासाइटजन्य हुन्छ। पुरानो जीर्ण ज्वरोले धेरैजसो कमजोर व्यक्तिमा जरा समाएर बसेको घातक जीवाणुको कारणले हुन्छ। आँखामा जलनका साथ दिउँसोतिर तीव्र ज्वरोको लागि होमियोपैथी वैद्य चिराइतोलाई नै प्रयुक्त गर्छन्।

कालाजार नामक जीर्ण ज्वरोमा जसमा कलेजो तथा स्प्लीन दुवै बढ्छ, चिराइतोले चमत्कारी प्रभाव देखाउँछ। यसको मदर टिंक्चर एक र तीन एक्सको पोटेन्सीमा होमियोपैथीमा प्रयुक्त हुन्छ।

युनानीमा चिराइतोलाई एक दर्जामा गर्म र खुश्क मानिएको छ। यसको ज्वरो निवारणको रूपमा उपयोग प्रसिद्ध छ। विशेषगरी यसले पुरानो ज्वरोमा लाभ पुर्‍याउँछ। हकिम दलजीत सिंहका अनुसार जीर्ण ज्वरोको साथै अपच र शरीरमा डाह हुन्छ तथा ज्वरो कम भएर पनि सामान्य स्थिति हुँदैन, त्यसमा यसले तुरुन्तै लाभ पुर्‍याउँछ।

**ग्राह्य अङ्ग–** यसको पञ्चाङ्ग र पुष्प प्रयुक्त हुन्छ तर पनि जडकाण्ड सर्वाधिक गुणयुक्त हुन्छ। यसको क्वाथ वा चूर्ण कुनै मधुरवाहकसँग अनुपात भेदानुसार लिनुपर्छ।

**मात्रा–** क्वाथ– ५०–१०० मिलिलिटर दिनमा दुईपटक विभाजित गरेर।

चूर्ण– एकदेखि तीन ग्राम

**उपयोग–** ज्वरो निवारणको लागि ३ ग्राम चिराइतो २० ग्राम पानीमा भिजाएर रातभरि राख्ने र बिहान छानेर सेवन गर्नुपर्छ तथा ५ ग्राम दिनमा दुईपटक महसँग लिनुपर्छ। चिराइतोको फाण्ट पनि सामान्य दुर्बलता निवारणको लागि अन्य औषधिको अलावा क्षुधावृद्धि आहार पाक हेतु दिइन्छ।

चिराइतोको काढा १ सेर औंसको मात्रामा मलेरिया ज्वरोमा तुरुन्तै लाभ पुर्‍याउँछ। लिभर–जन्डिसमा यसको प्रभाव सीधैं पर्छ र ज्वरो मेटाएर यसले दौर्बल्यलाई पनि टाढा गर्छ। कृमि रोग, कुष्ठ, वैसिलिमिया, वायरिमिया सबैमा यसको क्रिया तुरुन्तै हुन्छ। यो त्रिदोष–निवारक हुन्छ। अतः विना कुनै ननुनचको प्रयुक्त हुन सक्छ।

**अन्य उपयोग–** संस्थानिक–बाह्य उपयोगको रूपमा यसले व्रणलाई धुन, अग्निमन्दता–अजीर्ण–यकृत विकारमा आन्तरिक प्रयोगको रूपमा, रक्त विकार, उदर तथा रक्त कृमि निवारणार्थ, शोथ एवं ज्वरोपछि हुने दुर्बलताको लागि पनि प्रयुक्त हुन्छ। यसलाई एउटा उत्तम सात्मीकरण स्थापित गर्ने टनिक पनि मानिएको छ।



**हिमशृङ्खलासहित रमणीय दृश्यः** ताप्लेजुङमा अवस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिर परिसरबाट देखिएको हिमशृङ्खलासहित रमणीय दृश्य । तस्वीरः रासस

## फरक समाचार

# पत्नीलाई उपहारः चन्द्रमामा तीन एकड जमीन

भारतको राजस्थान, अजमेर जिल्लाका व्यवसायी धर्मेन्द्र अनिजा अहिले चर्चित भएका छन्। उनले पत्नी सपनालाई चन्द्रमामा जमीन किन्ने सपना देखाएका थिए र अहिले साकार गरेका छन्। २४ डिसेम्बरका दिन विवाहको आठौं वार्षिकोत्सवमा उनले पत्नीलाई चन्द्रमामा जमीन उपहार दिए।




बिबिसीसँगै कुरा गर्दै धर्मेन्द्रले भने– "मैले एक वर्ष पहिले तय गरेको थिएँ, आगामी वार्षिकोत्सवमा पत्नीलाई चन्द्रमामा जग्गा उपहार दिन्छु। यो सरप्राइज दिनु सजिलो थिएन। सपनाको लागि चन्द्रमामा जग्गा किन्ने मेरो सपना पनि पूरा भएको छ। चन्द्रमामा जग्गा किन्न सजिलो थिएन, यदि सजिलो भएको भए कसैले पनि यसलाई किन्न सक्थ्यो।"

तपाईंले चन्द्रमामा कहाँ जमीन किन्नुभयो ? भन्ने प्रश्नमा सपना अनिजा भन्छिन्– "उपहारको रूपमा चन्द्रमामा जमीन पाएपछि म यति खुशी भएँ कि रुन थालें। यस्तो उपहार पाएको म सम्भवतः संसारकै सबैभन्दा भाग्यमानी महिला हुँ। जब वैवाहिक वार्षिकोत्सव कार्यक्रममा मलाई चन्द्रमामा जमीन दिने घोषणा गरियो म निकै खुशी थिएँ। सपनाको नाममा चन्द्रमामा १४/३ उत्तरी अक्षांश र ५/६ पूर्वी देशान्तर, ल्याक्ट २० पार्सल्स ३७७, ३७८ मा तीन एकड जमीन खरीद गरिएको छ।

**को हुन् धर्मेन्द्र अनिजाः** धर्मेन्द्र र सपना अनिजा अजमेरका बासिन्दा हुन्। दुवैको भेट अजमेर सरकारी कलेजमा भएको थियो। त्यसपछि दुवैको विवाह भयो। विवाहपछि धर्मेन्द्र ब्रजीलमा टुर र ट्राभल व्यवसाय चलाउँछन् र उनका अभिभावक अजमेरमा बस्छन्। धर्मेन्द्र गत दश महीनादेखि अजमेरमा परिवारसँगै छन्। उनको सात वर्षीया छोरी रिद्धि छन्। धर्मेन्द्रका बुबा रामदयाल ठेकेदार हुन् र सपनाका बुबा गिसुलाल अरनोदिया अवकाशप्राप्त बैंक म्यानेजर हुन्।

**जग्गा खरीदको लागि आवेदनः** पृथ्वीको कुनै पनि ठाउँमा जग्गा किन्नको लागि एक प्रक्रिया पूरा गर्नुपर्छ। यस्तै, चन्द्रमामा जमीन किन्न पनि लामो प्रक्रियामा जानुपर्छ। एक वर्ष पहिले धर्मेन्द्रले चन्द्रमामा जमीन खरीद गर्न युएसए फर्ममा आवेदन दिएका थिए। आवेदन स्वीकृत भएपछि धेरैपटक कम्पनीसँग भिडियो सम्मेलनमा बैठक भएको थियो।

प्रक्रियाको क्रममा धर्मेन्द्रको आर्थिक र पारिवारिक स्थिति अनुसन्धान गरियो। कागजातको अत्यन्त लामो प्रक्रिया पार गर्नुपर्‍यो। यो सम्पूर्ण प्रक्रियामा लगभग एक वर्ष लाग्यो। धर्मेन्द्रको दाबी छ– कैयौं प्रकारका फर्जी कम्पनी छन्, जसले चन्द्रमामा जमीन बेच्ने दाबी गर्छन्। तर लुना सोसाइटी इन्टरनेशनल विश्वमैं एकमात्र त्यस्तो कम्पनी हो, जुन चन्द्रमामा जमीन बेच्नको लागि अधिकृत छ।

चन्द्रमामा दुई प्रकारका जमीन उपलब्ध छन्, यसमध्ये एउटामा एक वर्षको लागि जमीनको स्वामित्व पाइन्छ। जबकि अन्यमा ४९ वर्षको लागि स्वामित्व प्राप्त हुन्छ। धर्मेन्द्रले ४९ वर्षका लागि तीन एकड जमीन किनेका हुन्। अब यो जमीन बेच्न र कसैलाई हस्तान्तरण गर्ने अधिकार उनीमाथि छ। सम्झौता अन्तर्गत चन्द्रमामा यदि उनीहरूको जमीनमाथि कुनै शोध हुन्छ भने धर्मेन्द्रलाई रोयल्टी दिनुपर्छ।

राशि इन्टरटेनमेन्ट एन्ड इभेन्ट्सले वैवाहिक वार्षिकोत्सव कार्यक्रम स्थललाई चन्द्रमाजस्तै बनाएको थियो। राशि इन्टरटेन्मेन्टका निर्देशक कौसिनोक जैन भन्छन्– "जब धर्मेन्द्र आएर मलाई भने– मैले चन्द्रमा जग्गा किनेको छु। त्यति बेला म छक्क परें, मलाई विश्वास भएन। त्यसपछि उनले १७ पृष्ठको कागजात देखाए। हामीले सरप्राइज पार्टीको लागि विशेष व्यवस्था गर्‍यौं। धर्मेन्द्रले कार्यक्रम स्थललाई चन्द्रमा जस्तो बनाउन बताए। त्यसपछि हामीले कार्यक्रममा चार फिटसम्म उडिरहेको बादल, चन्द्रमा र तारा एलइडी लाइटबाट बनायौं। त्यहाँ उपस्थित पाहुनाहरूले पनि आफूलाई चन्द्रमामा उपस्थित भएको महसूस गरेका थिए।"

# यो अस्पतालमा बच्चा डराउँदैनन्

बच्चाहरू प्रायः चिकित्सकसँग भेट्न वा अस्पताल जान डराउँछन्। बच्चाहरूले मुस्कुराइरहेका चिकित्सकलाई आफ्नो समस्या बताउन सकोस् भनेर थाइल्यान्डको राजधानी बैंककमा इकेएच चिल्ड्रेन अस्पताल बनाइएको छ। यस अस्पतालको परिसरलाई बच्चाको खेल मैदानजस्तो बनाइएको छ। त्यहाँ एउटा इन्डोर खेल मैदान छ, भित्तामा सुन्दर कार्टुन चरित्रहरू बनाइएका छन्। प्रवेश द्वारमा ठूलो स्लाइड (चिप्लिने पट्टी) बनाइएको छ। प्रतीक्षा स्थलमा रङ्गीन र विभिन्न आकारका फर्निचर र खेलौना राखिएका छन्।




त्यहाँ एउटा इन्डोर पौडी पोखरी छ, जसमा कृत्रिम बादलहरू उड्छन्। अस्पताल डिजाइन गर्ने टोली अनुसार अस्पताल बच्चाहरूको लागि मैत्री बनाउनुपर्छ। यो अस्पताल तयार गर्नुभन्दा पहिले यही आइडिया हामीलाई आयो। हामीले सोच्यौं बच्चा सधैं रमाइलो गर्छन्। त्यस कारण अस्पताललाई यस प्रकार डिजाइन गरेका हौं।

चिकित्सकलाई भेट्न बच्चाले पर्खनुपर्छ। त्यति बेला आमाबुबालाई बच्चा सम्हाल्न गाह्रो हुन्छ। त्यसैले यस्तो प्रतीक्षालय डिजाइन गरिएको हो। अस्पतालको मुख्य गेटमा सीसा लगाइएको छ, अस्पतालको भित्री भाग बाहिरबाट हेर्न सकिन्छ। बालबालिकाको लागि छुट्टै शौचालय बनाइएको छ, जहाँ पुगेर उनीहरू रमाउँछन्। बच्चाको उपचार हुने ठाउँमा मध्यम बत्ती लगाइएको छ। अस्पताल ६ हजार स्क्वायर मिटरमा बनाइएको छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# सन् २०२० मा ५० जना पत्रकारको हत्या

पेरिस, १४ पुस/एएफपी

सन् २०२० मा विश्वभरि कुल ५० पत्रकार तथा सञ्चारकर्मीहरूको हत्या भएको छ।

रिपोटर्स विथाउट बोडर्सले मङ्गलवार वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै हत्याका अधिकांश घटना द्वन्द्वग्रस्त मुलुकहरूमा भएको उल्लेख गरेको छ।

प्रतिवेदनले अपराध, भ्रष्टाचार, वातावरणलगायतका विषयमा खोजमूलक समाचार लेख्ने पत्रकारहरू बढी प्रभावित भएको औंल्याएको छ।

हत्याका घटना विशेषगरी मेक्सिको, भारत र पाकिस्तानमा भएको भन्दै त्यहाँका घटनाका बारेमा धेरै चर्चा प्रतिवेदनमा गरिएको छ।

पत्रकार हत्यासम्बन्धी घटनामध्ये ८४ प्रतिशत घटना नियोजित र योजनाबद्धरूपमा भएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। जबकि गत वर्ष सन् २०१९ मा यस्ता घटना ६३ प्रतिशत मात्रै रहेको पनि बोडर्सले जनाएको छ।

"यस संस्थाले लामो समयदेखि वार्षिक यस्ता प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ, तर यस्तो अवस्था कमै मात्रै देखिएको थियो," रिपोर्टर्स विथाउट बोडर्सका प्रधान सम्पादक पौलिन अडेस मेभेलले भने।

सबैभन्दा धेरै पत्रकारको हत्या मेक्सिकोमा भएको पाइएको छ। मेक्सिकोमा आठजना पत्रकारको हत्या भएको प्रतिवेदनमा उल्लेख छ। उनीहरूको हत्या विशेषगरी लागूऔषध ओसारपोसार र राजनीतिक घटनासँग सम्बन्धित भएर गरिएको उनले जानकारी दिए। मेक्सिकोमा भएको हत्यामा संलग्नमध्ये कसैलाई कारबाई भएको छैन।

अफगानिस्तानमा द्वन्द्वका क्रममा पाँचजना पत्रकारको हत्या भएको छ। शान्ति वार्ताको प्रयास भइरहे पनि अफगानिस्तानमा लामो समयदेखिको द्वन्द्व अझै कायमै छ।

विश्वभरि अघिल्लो वर्ष सन् २०१९ मा ५३ जना पत्रकारको हत्या भएको थियो। त्यो अनुसार यस वर्षको सङ्ख्या भने कम भएको हो। कोरोना भाइरसको महामारीका कारण हिंसात्मक घटना कम भएको, पत्रकारहरू कार्यक्षेत्रमा कम गएकोलगायतका कारणले कमी आएको हुन सक्ने बोडर्सले जनाएको छ। रासस

# बङ्गलादेशमा रोहिङ्ग्या शरणार्थी स्थानान्तरण अभियान जारी

ढाका, १४ पुस/एएफपी

बङ्गलादेशमा शरणार्थीका रूपमा रहेका रोहिङ्ग्या मुस्लिम समुदायका केही व्यक्तिलाई चारवटा नौसैनिक जहाजमा राखेर मङ्गलवार अन्यत्र स्थानान्तरण गरिएको छ।



बङ्गलादेशको नौसैनिक जहाजमा रोहिङ्ग्यालाई स्थानान्तरित गर्दै। तस्वीरः एएफपी

बङ्गलादेशले हाल रोहिङ्ग्या शरणार्थी शिविरमा निकै भीड भएको भन्दै बङ्गलादेशकै अर्को टापूमा केही शरणार्थीलाई स्थानान्तरण गर्ने प्रक्रिया थालेको छ। रोहिङ्ग्या शरणार्थीलाई उनीहरूकै मुलुक म्यान्मा फर्काउने विषयमा भइरहेका प्रयास तत्कालका लागि सफल नभएपछि बङ्गलादेशले नयाँ कदम चालेको हो।

सरकारले झन्डै एक हजार ८०० शरणार्थीले भाशान चार भन्ने टापूमा नयाँ जीवन शुरू गर्न इच्छा देखाएको जनाएको छ। यस टापूमा यसै महीनाको शुरूतिर एक हजार ६०० शरणार्थी स्थानान्तरण भइसकेका छन्।

तर अधिकारकर्मीहरूले शरणार्थी स्थानान्तरण प्रक्रियामाथि शङ्का व्यक्त गरेका छन्। उनीहरूको भनाइमा कतिपय शरणार्थीलाई जबरजस्ती नयाँ स्थानमा स्थानान्तरण गरिएको छ।

बङ्गलादेश सरकारले करीब १० लाख शरणार्थीमध्ये नयाँ स्थानमा एक लाखलाई नयाँ घर बनाएर राख्न चाहेको स्पष्ट पारिसकेको छ। यस टापूमा हरेक वर्ष बङ्गालको खाडीबाट शुरू हुने डरलाग्दा समुद्री छालले दुःख दिने गरेको छ।

स्थानान्तरित हुने रोहिङ्ग्या समुदायका व्यक्तिहरूले चटगाउँबाट भाशान चारतर्फ प्रस्थान गर्नुअघि आफूसँग भएका सरसामान, खेलौना, कुखुरासमेत बोकेका थिए। साथीहरूसँग छुट्टिनुअघि उनीहरू एकअर्कासँग अङ्कमाल गर्दै सेल्फी खिचिरहेका थिए।

बङ्गलादेशका विदेशमन्त्री अब्दुल मोमिनले भाशान चार निर्जनजस्तो देखिए पनि यो "सुन्दर रिसोर्ट" रहेको बताए।

म्यान्माको सैन्य कारबाईबाट जोगिन सन् २०१७ मा ठूलो सङ्ख्यामा रोहिङ्ग्या मुस्लिम समुदाय पलायन भएर सीमावर्ती बङ्गलादेशमा आइपुगेका थिए। यहाँ हाल करीब १० लाख शरणार्थी छन्।

रोहिङ्ग्या समुदायको पलायन रोक्ने विषयमा बङ्गलादेश दीर्घकालीन समाधान खोज्न सङ्घर्षरत रहेकै अवस्थामा बङ्गलादेशी अधिकारीहरू भने रोहिङ्ग्याका लागि भाशान चारमा राम्रो बसोबास र सुरक्षा उपलब्ध गराउने अभियानमा लागेका छन्।

विदेशमन्त्री मोमिनले भाशान चारमा रहेको व्यवस्थाबाट रोहिङ्ग्या समुदायका व्यक्तिहरू निकै प्रसन्न रहेको दाबी गरे।

कतिपय रोहिङ्ग्या समुदायका व्यक्तिहरूले आफूहरू खुशीसाथ नयाँ स्थानमा जान लागेको बताएका छन्। सैनिक जहाजमा चढेका शाफी आलमले पुरानो शिविर निकै भीडभाडयुक्त र घूमघाम गर्नसमेत कठिन हुने किसिमको रहेको बताए। डिसेम्बर ४ मा पहिलोपटक स्थानान्तरित गरिएकामध्ये कतिपय रोहिङ्ग्याहरूले बङ्गलादेशी प्रहरीले आफूहरूलाई कुटपिट गरेको र धम्क्याइएको बताएका थिए।

राष्ट्रसङ्घले रोहिङ्ग्याको स्थानान्तरण प्रक्रियामा आफूहरू सहभागी नरहेको बताएको छ। रासस

# "स्पुतनिक भी" प्रयोग गर्ने दोस्रो देश बन्यो बेलारूस

मस्को, १४ पुस/एएनआई

रसियामा निर्मित कोरोना भाइरसविरुद्धको खोप 'स्पुतनिक भी' प्रयोग गर्ने देशमा बेलारूस दोस्रो बनेको छ।

यसअघि रूसले यसको प्रयोग गरेको थियो। यो खोपको विकास पनि रूसमा नै एक सरकारी निकायले गरेको थियो।

स्पुतनिक भी खोप उत्पादन गर्ने निकायको आधिकारिक सामाजिक सञ्जालमा लेखिएको छ, "यो खोप प्रयोग गर्ने देशहरूको सूचीमा बेलारूस दोस्रो भएको छ, बेलारूसमा आमनागरिकलाई पनि यो खोप लगाउन थालिएको छ।"

सो निकायले आफ्नो खोप विश्वसनीय र प्रभावकारी भएको तर शरीरमा कुनै प्रतिकूल प्रभाव नपर्ने दाबी पनि गरेको छ।

स्पुतनिक भी खोप लगाएकाहरूलाई लाभ नै भएको र धेरैले राहत महसूस गरेको सो निकायले सामाजिक सञ्जालमा लेखेको छ।

रूसका स्वास्थ्यमन्त्री दिमित्री पिनेभिचले कोरोनाविरुद्धको खोप प्रयोग गर्ने अवसरलाई बेलारूसले राम्रोसँग प्रयोग गरेको बताए। बेलारूसमा सोमवार एक दिन मात्रै एक हजार ८१४ जना नयाँ कोरोना सङ्क्रमित थपिएका छन् भने अहिलेसम्म एक लाख ८८ हजार ५८८ जना सङ्क्रमित भएका छन्। रासस

# नयाँ वर्षलाई "उपचारात्मक वर्ष" बनाउन राष्ट्रसङ्घको आह्वान

संयुक्त राष्ट्रसङ्घ, १४ पुस/सिन्ह्वा

कोरोना भाइरसका कारण सङ्कटग्रस्त मुलुकलाई नयाँ वर्ष सन् २०२१ लाई उपचारात्मक वर्ष बनाउन संयुक्त राष्ट्रसङ्घले आह्वान गरेको छ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वका सबै समुदायलाई उपचारात्मक वर्षको रूपमा सन् २०२१ लाई मनाउन भिडियो सन्देशमार्फत आह्वान गरेका हुन्।

नयाँ वर्षको अवसरमा शुभकामना सन्देशसहितको भिडियो सन्देशमा उनले महामारीका विरुद्ध सँगसँगै लड्नुपर्नेमा जोड दिएका छन्।

आउनुहोस्, शान्ति स्थापनाका लागि सँगसँगै काम गरौं, सहकार्य गरौं र अवरोध तथा समस्याको सामना पनि गरौं, उनले भिडियोमा भनेका छन्।

सन् २०२० भरि कोरोना भाइरसको महामारी चलेकाले सन् २०२१ मा यो महामारीबाट मुक्त भइसक्ने गरी काम गर्नुपर्नेमा उनले जोड दिए। कोरोना भाइरसका कारण अहिलेसम्म संसारभरि १७ लाख ८३ हजार १०० भन्दा बढी मानिसको मृत्यु भएको छ भने आठ करोड १७ लाख ३५ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। रासस

# राष्ट्रियसभाको एक्लो अधिवेशन : अपेक्षा थुप्रै

काठमाडौं, १४ पुस/रासस

प्रजातन्त्र पुनर्स्थापनापछि संसद्को माथिल्लो सभाको मात्र पहिलो अधिवेशन यही पुस १७ गतेदेखि शुरू हुँदैछ। द्विसदनात्मक संसद्को अभ्यास गरेको




नेपालको इतिहासमैं एक सदनको मात्र अधिवेशन बस्न लागेको सम्भवतः पहिलोपटक हो। प्रतिनिधिसभा विघटन भएपछि राष्ट्रियसभाका समितिहरूको बैठक नियमित चले पनि एक सदनको मात्र हिउँदे अधिवेशन बस्न लागेको मुलुकको सङ्घीय संसद्को इतिहासमा नौलो अभ्यास गरिंदै छ।

प्रौढ, बुद्धिजीवी, विशेष समुदायका प्रतिनिधि, निर्वाचनमा भाग लिन नचाहने र नसक्ने तथा संसद्का लागि अत्यावश्यक ठानिएका व्यक्तित्वहरूको "इल्डर्स हाउस"ले यसपटक संवैधानिक परिषद्लगायत पछिल्ला समय जारी भएका अन्य विषयका सात अध्यादेशमाथि छलफल गरी आफ्नो निर्णय दिनेछ। प्रतिनिधिसभा नभएको हुनाले राष्ट्रियसभामा पेश गर्नुपर्ने बाध्यात्मक अवस्था भएकाले यस अधिवेशनलाई महत्त्वपूर्णरूपमा हेरिएको छ। कुनै पनि अध्यादेश संसद् अधिवेशन शुरू भएको ६० दिनभित्र अनुमोदन गर्नुपर्ने हुन्छ। प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन भएको अवस्था अहिले छ।

राष्ट्रियसभामा उत्पत्ति भएर विभिन्न चरणमा छलफलका क्रममा रहेका १८ विधेयकलाई निकास दिने सन्दर्भमा पनि हिउँदे अधिवेशन महत्त्वपूर्ण हुनेछ। प्रतिनिधिसभा विघटन भएको अवस्थामा सञ्चालन हुन लागेको राष्ट्रियसभाको अधिवेशनलाई सदस्यहरूले सरकारको कामकारबाहीलाई खबरदारी गर्दै जनताको आवाज मुखरित गर्ने उपयुक्त थलोका रूपमा प्रयोग गर्नेछन्। विभिन्न भूगोल र समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यले देश र जनताका जल्दाबल्दा एवं समसामयिक विषयवस्तु तथा समस्या अधिवेशनका क्रममा शून्य र विशेष समयमा उठाउन सक्नेछन्। सरकारले यसबीचमा ल्याउने नयाँ विधेयक पनि सदनका कामकारबाहीका रूपमा अघि बढ्नेछ। प्रबुद्ध समूहको प्रतिनिधित्व गर्ने उक्त सभाले अघि बढाए पनि त्यस्ता विधेयक दुवै सदनबाट पारित नभई कानून भने बन्नेछैन।

सङ्घीय संसद्को वर्षे र हिउँदे अधिवेशनबीचको अन्तर ६ महीना नघाउन नहुने संवैधानिक व्यवस्था अनुरूप सरकारको सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले यही पुस १७ गते अपराह्न ४ बजे संसद् भवन नयाँ बानेश्वरमा बस्ने गरी राष्ट्रियसभाको अधिवेशन आह्वान गरेकी छन्। गणेशप्रसाद तिमिल्सिना अध्यक्ष रहेको सभाको अघिल्लो अधिवेशन गत असार १८ गते अन्त्य भएको थियो।

हिउँदे अधिवेशन स्वभावतः विधेयकमा नै केन्द्रित हुने भएकाले यसमाथिको आफ्नो जिम्मेवारी पूरा गर्नेतर्फ उक्त सभाले प्रयत्न गर्नेछ। राष्ट्रियसभा मातहत चार विषयगत समिति छन्। ती समितिले आफ्नो प्रतिवेदन सभामा पेश गर्न सक्नेछन्। सभामा सरकारले गरेको सन्धिसम्झौता अनुमोदन र सरकारका केही विषय जानकारी गराइनेछ। सरकारले सभाका लागि आवश्यक कार्यसूची र बिजनेश दिन सकेन भने अधिवेशन सञ्चालन गर्न असहज हुनेछ। प्रतिनिधिसभा नभएका बेला चल्न लागेको राष्ट्रियसभाले सदनमा उठेका जनताका आवाज सम्बोधनका लागि सरकारलाई निर्देशन दिन, ध्यानाकर्षण गराउन र रुलिङ गर्न सक्नेछ। सरकारले सभाको बैठकमार्फत नै पनि आफ्ना आश्वासन र विश्वास दिलाउन सक्नेछ। प्रधानमन्त्री र विभागीय मन्त्रीले विषयगतरूपमा उठेका कुराको जवाफ दिने थलोका रूपमा माथिल्लो सभा प्रयोग गर्न सक्नेछन्। यसबाट लोकतन्त्रको अभ्यास गर्ने महत्त्वपूर्ण थलो संसद् जीवित नै छ भन्ने प्रत्याभूति र सन्देश दिनेछ।

राष्ट्रियसभाका सदस्य रामनारायण बिडारीले राष्ट्रियसभा परिपक्व व्यक्तिको उपस्थिति रहेको सदन भएकाले यसले परिपक्व तरीकाले जुनसुकै कुरा उठाउन सक्ने बताए। उनले भने, "सरकार बनाउने र हटाउने विषय राष्ट्रियसभाको जिम्मेवारीमा नपर्ने हुँदा प्रधानमन्त्रीलाई बैठकमा सांसदले प्रतिनिधिसभा किन छैन भनेर सोध्न सक्छन्। अहिले सडकमा जुलुस भइरहेको छ, त्यो किन भइरहेको छ भनेर विषय उठाउन सक्छन्। जनतासँग प्रत्यक्ष सरोकार रहेको समसामयिक कुरा त्यहाँ उठ्न सक्छ, जस्तो किसान, मजदूर, शिक्षक, विद्यार्थीका समस्या उठाउने थलो नै अहिले त्यही हो।"

विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मापदण्डलाई आधार बनाएर सदन सञ्चालनका लागि भौतिक दूरी कायम हुने गरी सदस्य बस्ने सिटको व्यवस्थापन, सेन्सरजडित सेनिटाइजर तथा तापक्रम नाप्न स्वचालित व्यवस्था मिलाइएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिए। पहिलो दिन अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपति कार्यालयको पत्र पढेर सुनाउने र अन्यका हकमा कार्यव्यवस्था परामर्श समितिले तयार गरेको कार्यसूचीका आधारमा बैठक अघि बढ्नेछ।

संविधानमा दुवै सदनलाई बेग्लाबेग्लै अधिकारको व्यवस्था गरिए पनि बौद्धिक अभ्यासको थलोका रूपमा राष्ट्रियसभा रहेको छ। कुनै पनि विषय दुवै सदनमा पेश गरिने र छलफल गर्न सक्ने व्यवस्थाले दुवै सदनको महत्त्व र गरिमा माथि छ। राष्ट्रियसभाका सदस्य चयन गर्ने प्रक्रिया पनि प्रजातान्त्रिक र समावेशीरूपमा रहेको देखिन्छ। हरेक दुई/दुई वर्षमा एक तिहाइ सदस्यको पदावधि सकिने र अर्को नयाँ आउने भई स्थायी सदनका रूपमा रहेको राष्ट्रियसभामा हाल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का ४६, नेपाली काङ्ग्रेसका सात र जनता समाजवादी पार्टीका तीन सदस्यको प्रतिनिधित्व छ। राष्ट्रपतिबाट मनोनीत तीन विषयविज्ञको पनि उक्त सदनमा प्रतिनिधित्व छ। माथिल्लो सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभालाई अहिलेको अवस्थामा जनताका हकहितका विषय उठाउने महत्त्वपूर्ण स्थानका रूपमा स्थापित गर्न अवसर मिलेको छ।

# बालअधिकार हननका घटनामा वृद्धि

प्रस, सप्तरी, १४ पुस/

सप्तरीमा बालअधिकार हननका घटनामा वृद्धि भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को प्रतिवेदनले देखाएको छ।

इन्सेक सप्तरीले हालै सार्वजनिक गरेको सन् २०२० को प्रतिवेदनमा १३० वटा घटनामध्ये ५० वटा बालअधिकार हननका घटना मात्रै छन्।

प्रतिवेद सार्वजनिक कार्यक्रममा जिल्ला अदालत सप्तरीका न्यायाधीश राजेन्द्रकुमार श्रेष्ठले बालअधिकार हननविरुद्ध समाजका सबैले आआफ्नो भूमिका जिम्मेवारी र प्रभावकारी बनाउन जोड दिए।

सो अवसरमा राजविराज नगरपालिकाकी उपप्रमुख साधना झाले नागरिकमा चेतना बढे मात्र बालअधिकार हननका घटनामा कमी आउने विचार व्यक्त गरिन्।

कार्यक्रममा जिल्ला अदालतका श्रेस्तेदार कुमार मास्के, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, सप्तरीका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलालगायतले मन्तव्य व्यक्त गरेका थिए। इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले एक वर्षको अवधिमा जिल्लामा भएका बालअधिकार तथा अपराधका घटनाहरूबारे प्रतिवेदन सार्वजनिक गरेका थिए।

इन्सेकको तथ्याङ्कमा एक वर्षको अवधिमा १३० वटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सङ्कलन गरिएको छ।

जिल्ला बार एकाइ सप्तरीका अध्यक्ष डोमन साहको अध्यक्षतामा भएको कार्यक्रममा स्वतन्त्रता सेनानी तथा इन्सेक सदस्य वैद्यनाथ झाले स्वागत गरेका थिए।

सो अवसरमा जिल्ला न्यायाधिवक्ता कैलाश दाहाल, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य अवधेश झा, सगरमाथा अपाङ्ग कल्याण सङ्घका अध्यक्ष बलदेव मण्डल, एकल महिला समूह प्रदेश नं २ की अध्यक्ष अनीता देवकोटालगायतले प्रस्तुत प्रतिवेदनमाथि टिप्पणी गरेका थिए।

## बेवारिसे वृद्धको उपचार.....

खुट्टामा पनि घाउ भएकोले उनी २४ घण्टा ओछ्यानमैं रहन्थे। उनलाई बिहान र बेलुका प्लास्टिकमा खाना राखेर अस्पतालका पियनहरूले दिन्थे।

हरियो बेडसिट ओढेर उपचार लिंदै आएका वृद्धको चीसोले कठ्याङ्ग्रिएर र घाउको सङ्क्रमणको कारण मृत्यु भएको हो। उनको शव अस्पतालको शवगृहमा राखिएको छ।

यस विषयमा अस्पतालका मेसु डा ठाकुरले सामाजिक संस्थाले सडकपेटीबाट जोकसैलाई उपचारको लागि ल्याइदिने र उपचार भइसकेपछि फिर्ता नलैजाने गरेकाले यस्तो भएको प्रतिक्रिया दिए। उनले भने– अस्पतालको काम उपचार गर्ने हो, स्याहारसुसार गर्ने हाम्रो काम होइन।

## आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – सुयश |
| मिथुन – अन्नलाभ | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यलाभ | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – वादविवाद |
| कुम्भ – व्यापारवृद्धि | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# शिवशक्ति र त्रिदेव रिप्याकिङ उद्योगमा प्रहरीको छापा

प्रस, वीरगंज, १४ पुस/

वीरगंज महानगरपालिका वडा नं ३ स्थित दुईवटा उद्योगमा जिल्ला प्रहरी कार्यालय पर्साले छापा मारी नक्कली उत्पादन बरामद गरेको छ।

वडा नं ३ स्थित शिवशक्ति रिप्याकिङ उद्योग र त्रिदेव रिप्याकिङ उद्योगमा पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक गङ्गा पन्त नेतृत्वको प्रहरी टोलीले मङ्गलवार साँझ छापा मारेको हो।

उक्त उद्योगमा रिफाइन तेल बाहिरबाट ल्याएर केमिकल प्रयोग गरी त्यसलाई तिलको तेल बनाएर प्याकिङ गरी बिक्री गरिरहेको भन्ने सूचनाको आधारमा प्रहरीले छापा मारेको हो।






छापामारी गर्दै प्रउ पन्तसहितको टोली र उद्योगलाई जारी भएको प्रमाणपत्र। तस्वीरः प्रतीक

उद्योगबाट नक्कली उत्पादनका साथै नक्कली स्टीकर र भारत तथा नेपालका विभिन्न उद्योगको नाममा तयार प्याकेटहरूसमेत बरामद गरिएको छ।

प्रहरीले उद्योगलाई सिल गरेको छ।

बरामद सामग्रीहरू परीक्षणको लागि प्रयोगशाला पठाउने प्रउ पन्तले बताइन्।

# आन्दोलनका अगुवा उखु किसानको मृत्यु

प्रस, सर्लाही, १४ पुस/

सङ्घीय राजधानी काठमाडौंमा आन्दोलनरत अगुवा उखु किसानको मृत्यु भएको छ। जिल्लाको रामनगर-७ धनकौलाका उखु किसान नारायणराय यादवको मङ्गलवार बिहान मृत्यु भएको हो।

आन्दोलनरत किसान अगुवा र सरकारबीच सम्झौता भएको भोलिपल्ट मङ्गलवार बिहान ११ बजे यादवको मृत्यु भएको हो। सरकारले यादवको बक्यौता रु २४ लाख ६३ हजार मङ्गलवार मध्याह्न १२ बजे उपलब्ध गराउने सम्झौता गरेको थियो। यादवको बिहान ११ बजे नै मृत्यु भएपछि मङ्गलवार वितरण गर्ने भनिएको रु पाँच करोड रकम वितरण कार्यक्रम स्थगित गरियो।

सरकारले सम्झौता भएको मितिदेखि २१ दिनसम्ममा बक्यौता देखिएका किसानका रु ६५ करोड उपलब्ध गराउने सम्झौता गरेको थियो। किसानहरूले भने आफूहरूको कुल बक्यौता रु ९५ करोड रहेको जिकिर गर्दै आएका छन्। बाँकी रकम उपलब्ध गराउनुपर्ने हो वा होइन भन्ने सन्दर्भमा सरकारले उद्योग, गृह, अर्थ र कृषि तथा पशुपक्षी मन्त्रालयका प्रतिनिधि रहने गरी एक छानबिन समिति गठन गरेको छ।

मृतक किसान यादवको चिनीमिलले पैसा नदिएको कारण हरेक वर्ष उखुमा लगानी गर्दा रु १४ लाख ऋण रहेको उखु किसान सङ्घर्ष समितिका संरक्षक राकेश मिश्रले बताए। यादवको चिनीमिलबाट लिनुपर्ने रु २४ लाख ६३ हजार लिनुपर्नेछ। सोही रकम मङ्गलवार भुक्तानी पाउने भएको थियो।




बितेको मङ्सिर २८ गतेदेखि बक्यौता भुक्तानी रकम माग गर्दै उखु किसानहरू काठमाडौंको माइतीघर मण्डलामा अनशन बसेका थिए। ६५ वर्षीय यादवको शहीद गङ्गालाल हृदय रोग अस्पतालमा हृदयाघात भई मृत्यु भएको थियो।

सरकारले किसानको उखुको भुक्तानी नदिने उद्योगीको राहदानी जफत गर्ने, बैंक खाता सञ्चालन र सम्पत्ति बेचबिखनमा रोक एवं भुक्तानी दिन आलटाल गर्ने उद्योगीलाई गिरफ्तार गर्ने सम्झौतापत्रमा उल्लेख गरिएको छ।

## रु ३३ करोड बक्यौता भुक्तानी

उखु किसानको आन्दोलन शुरू भएपछि तीनवटा चिनीमिलले रु ३३ करोड बक्यौता भुक्तानी गरेको छ। सो कुरा उद्योग मन्त्रालयले जनाएको हो। मन्त्रालयका प्रवक्ता नारायण रेग्मीका अनुसार श्रीराम, अन्नपूर्ण, इन्दिरा र लुम्बिनी चिनीमिलले बक्यौता रकम भुक्तानी शुरू गरिसकेका छन्। त्यसैगरी, श्रीराम सुगर मिल्सले सोमवार साँझसम्म रु २६ करोड ११ लाख, अन्नपूर्ण तथा इन्दिराले पाँच करोड २६ लाख र लुम्बिनी सुगर मिलले रु दुई करोड भुक्तानी गरिसकेका छन्।

सबै चिनीमिलले बाँकी रकम २१ दिनभित्र भुक्तानी गरिसक्ने सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। भुक्तानी दिनुपर्नेमा श्रीराम सुगर मिल्सको रु ३५ करोड, लुम्बिनी सुगर मिलको रु आठ करोड ४१ लाख, इन्दिरा सुगर मिलको रु चार करोड ७० लाख र अन्नपूर्ण चिनीमिलको रु १७ करोड रहेको छ।

# सालक संरक्षणको जिम्मेवारी प्राणी उद्यान केन्द्रलाई

प्रस, सिराहा, १४ पुस/

सिराहाको गोलबजारबाट बरामद दुर्लभ वन्यजन्तु सालक संरक्षणका लागि लहान नगरपालिका-१५ स्थित कोइरालो सामुदायिक वन क्षेत्रमा रहेको वन्य जैविक प्राणी उद्यान केन्द्रलाई जिम्मा लगाइएको छ।

सशस्त्र प्रहरी बेसक्याम्प गोलबजारले तस्करी भइरहेको अवस्थामा गत आइतवार बरामद गरेको सालक संरक्षणका लागि वन्य जैविक प्राणी उद्यानलाई जिम्मा लगाएको डिभिजन वन कार्यालय सिराहाका प्रमुख सुभाषचन्द्र दासले जानकारी दिए।

स.१०प ३३३० नंको मोटरसाइकल चेकजाँचको क्रममा सशस्त्र प्रहरीको गस्ती टोलीले बाँसको चोयाले बनेको पेरुङ्गोमा उक्त सालक बरामद गरेको थियो। गस्तीमा रहेको प्रहरी टोलीलाई देखेपछि तस्कर मोटरसाइकल छाडेर भागेको थियो।

सालक के प्रयोजनका लागि कसले तस्करी गरिरहेको भन्ने विषयमा आवश्यक अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय सिराहाले जनाएको छ।




# १८ किलो चरेसको धूलो बरामद

प्रस, पंचगावाँ, १४ पुस/

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीले १८ किलो चरेसको धूलो बरामद गरेको छ।

इप्रका पटेर्वासुगौलीको गस्ती टोलीले वडा नं २ रङ्गपुरटाँडी-सोनवर्षा सडकखण्डबाट सोमवार राति १० बजे १८ पोका चरेसको धूलो बरामद भएको बताइएको छ। दुईजना व्यक्तिले चरेसको पोका बोकेर हिँडिरहेको अवस्थामा प्रहरीले रोक्न खोज्दा उनीहरू पोका फालेर भागेको र पोकाबाट चरेसको धूलो बरामद भएको इप्रका पटेर्वासुगौलीले बताएको छ।

# आगलागीमा घर-गोठ नष्ट

प्रस, पंचगावाँ, १४ पुस/

गाईगोठमा लागेको आगोले धनराज महतोको घर जलेर नष्ट भएको छ। सोमवार राति ८ बजे महतोको गोठमा आगलागी भएको थियो। सो आगो फैलिएर गोठनजीक रहेको उनको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

घरमा भएको लत्ताकपडा, खाद्यान्न, गहना जलेर नष्ट भएको र गोठमा एउटा गाई जलेर घाइते भएको छ।

# पराल लोड ट्रकमा आगलागी

प्रस, पंचगावाँ, १४ पुस/

पराल बोकेको ट्रकले विद्युतीय पोलमा ठक्कर दिंदा तार चुँडिएर आगलागी भएको प्रहरीले जनाएको छ।

कालिकामाई गाउँपालिका-१ रविदासबाट पराल लोड गरेर हिंडेको लु.१ख ४०९६ नंको ट्रक विद्युत पोलमा ठोक्किंदा तार चुँडिएको र ट्रकमा आगलागी भएको थियो।

ट्रकमा लोड पराल र ट्रकको पछाडिको भागमा आगलागीले क्षति पुगेको प्रहरीले जनाएको छ। आगलागी नियन्त्रण गर्न एक घण्टा लागेको थियो।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|

# खेलकुदको संसार

## साफ फूटबल बङ्गलादेशमा हुने

काठमाडौं, १४ पुस/रासस

साफ च्याम्पियनशिप फूटबल प्रतियोगिता आगामी वर्ष बङ्गलादेशमा हुने भएको छ। दक्षिण एशियाली फूटबल महासङ्घ (साफ)को कार्यकारी समितिको सोमवार सम्पन्न भर्चुअल बैठकले साफ च्याम्पियनशिप फूटबल प्रतियोगिता २०७८ कात्तिक २८ देखि मङ्सिर ११ गतेसम्म गर्ने निर्णय गरेको हो। कोरोना भाइरसको महामारीका कारण यस वर्ष गर्ने भनिएको साफ फूटबलको नयाँ मिति सार्वजनिक गरिएको हो। बैठकले साफको उमेर समूहका विभिन्न प्रतियोगिताको समेत समय तय गरेको छ।

महिला यू-१६ साफ प्रतियोगिता सन् २०२१ को अगस्त १८ देखि २७ सम्म आयोजना गर्ने तथा साफ यू-१९ प्रतियोगिता जुलाई १२ देखि २२ सम्म सञ्चालन गर्ने बैठकले निर्णय गरेको छ। यस्तै, पुरुषतर्फ साफ यू-१५ प्रतियोगिता अक्टोबर १ देखि १० सम्म तथा साफ यू-१८ प्रतियोगिता अक्टोबर १५ देखि २४ सम्म सञ्चालन गर्ने निर्णय गरिएको छ। ती प्रतियोगिता सञ्चालन हुने स्थान भने तय गरिएको छैन।

# पूर्वराजा वीरेन्द्रको जन्मजयन्ती मनाइयो

प्रस, वीरगंज, १४ पुस/



तस्वीरः प्रतीक

पूर्वराजा वीरेन्द्र शाहको ७६औं जन्मजयन्ती वीरगंजमा मनाइएको छ। महावीर मन्दिरअगाडि आयोजित कार्यक्रममा सहभागीहरूले जन्मजयन्ती मनाउने क्रममा राजा कसको जनताको, जनता कसको राजाको, राजा-जनता एक हौं, नेपाली जनता के भन्छ, राजतन्त्र ले भन्छ जस्ता नाराहरू लगाएका थिए।



तस्वीरः सौजन्य

राजभक्त, देशभक्त समूह, पर्साका अध्यक्ष दीपेन्द्र रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा राजसंस्था पुनर्स्थापना सङ्घर्ष समितिका उपाध्यक्ष राजकिशोर चौबे, समाजसेवी पशुपति विक्रम शाह, सतीश श्रीवास्तव, रामनारायण साह, रमेश जाटिया, हीराबहादुर चन्दलगायतको सहभागिता थियो।

यसैगरी, राष्ट्रिय सरोकार मञ्च नेपाल नारायणीले वीरगंज-१५ प्रतिमाचोकमा रहेका पूर्वराजा स्व वीरेन्द्र शाहको सालिकमा माल्यार्पण गरेको थियो।

कार्यक्रममा समाजसेवी पशुपति विक्रम शाहले राजनीतिमा विदेशीको चलखेल बढेको आरोप लगाए। उनले वर्तमान सरकार ख्रिस्टियनको इशारामा चलिरहेको बताए।

नागरिक सङ्घर्ष समितिका हीराबहादुर चन्दले पूर्वराजा स्व वीरेन्द्र शाहले देखाएको मार्गमा हिंड्न जरुरी रहेको बताए। कार्यक्रममा राष्ट्रिय सरोकार मञ्च नेपालका केन्द्रीय सदस्य अर्जुन सिंह, नेपाल राष्ट्रवाद सङ्घका अध्यक्ष जनकलाल शाहलगायतले मन्तव्य राखेका थिए। मञ्चका अञ्चल संयोजक नन्दकिशोर गोयलको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी उषा शाह, विद्वत् परिषद् नेपालका केन्द्रीय सदस्य अध्यानन्द प्रसाद, विश्व हिन्दू परिषद्का पृथ्वी झाले मन्तव्य राखेका थिए।

# बडनिहारमा महायज्ञको तयारी

प्रस, बिरुवागुठी, १४ पुस/




पर्सागढी नगरपालिका-३ पकडिया बडनिहारमा पुस १५ देखि २३ गतेसम्म हुन गइरहेको श्रीमद्भागवत धन-धान्याञ्चल सप्ताह ज्ञान महायज्ञको तयारी पूरा भएको छ।

बुधवार बिहान यज्ञस्थलबाट आमादेवी मन्दिरमा पुगेर जल भरेर यज्ञस्थल आउने र मध्याह्न १ बजेदेखि महायज्ञका प्रमुख अतिथि प्रदेशसभा सदस्य राजेश्वरप्रसाद साहले उद्घाटन गर्ने आयोजक समितिका अध्यक्ष अशोक बुर्लाकोटीले बताए। धान्य पूर्णिमाको अवसरमा हुन गइरहेको महायज्ञबाट आर्थिक सङ्कलन गरी वृद्धाश्रम निर्माण गरिने बुर्लाकोटीले बताए।

महायज्ञमा प्रमुख वाचक शिवप्रसाद सापकोटा र उपवाचक विष्णुप्रसाद तिमल्सिना रहेका छन्। महायज्ञमा विभिन्न कलाकारद्वारा झाँकी प्रदर्शन गरिने समितिका अध्यक्ष बुर्लाकोटीले बताए।